# प्रदेश सभा

**सुदूरपश्चिम प्रदेश**

२०७६/०३/२२

चौथो अधिवेसन

(२२औं बैठक)

बाचन पत्र (रिडिङ्ग पेपर)

१. **माननीय सदस्यहरु,**

यस सभाको चौथो अधिवेशनको २२औं बैठकको कारवाही प्रारम्भ हुन्छ ।

२. **माननीय सदस्यहरु,**

अब विशेष समय शुरु हुन्छ ।

३. **माननीय सदस्यहरू,**

प्रदेश सभा नियमावली २०७४ को नियम ५७ बमोजिम विशेष समय माग भई आएकोले प्रदेश सरकारका तर्फबाट माननीय मुख्यमन्त्री श्री त्रिलोचन भट्ट र प्रमुख प्रतिपक्ष दलका तर्फबाट माननीय रण बहादुर रावललाई विशेष समय प्रदान गरेको छु ।

सर्व प्रथम माननीय मुख्यमन्त्री श्री त्रिलोचन भट्टलाई समय दिन्छु ।

माननीय मुख्यमन्त्री श्री त्रिलोचन भट्ट :- माननीय सभामुख महोदय, आर्थिक बर्ष २०७६।०७७ को बजेट प्रस्तुत भए पछि यो बजेट माथि छलफलका विषयहरु, यो बजेटको विषयमा सबै पक्षबाट छलफलका कुराहरु उठ्ने कुराहरु र बजेट कस्तो बनाउदा हाम्रो प्रदेशलाई राम्रो हुन सक्छ । हाम्रो प्रदेशका दुरदराजका समुदायलाई समेट्न सकिन्छ । हाम्रो प्रदेशमा विकासको गतिलाई कसरी अगाडि बढाउन सकिन्छ भन्ने कुरा मुख्य विषय हो र हामीले भन्दै आएको कुरा के हो भने हामी सबैले स्वीकारेको कुरा भन्दै आएको कुरा हाम्रो प्रदेश जसरी विकास हुनुपर्ने थियो विगतमा त्यो नहुन सकेको अवस्था र अहिले नेपालको राजनैतिक परिवर्तन पछि जसरी हामी संघीयता र प्रदेश एउटा संघीयतालाई कार्यान्वयन गर्ने प्रक्रियामा अगाडि बढ्दै जादा खेरि प्रदेश र प्रदेशले बनाउने बजेट, प्रदेशले आफ्नो क्षमता भित्र रहेर आफुसँग भएको कुरालाई आफुसँग भएको साधन, स्रोतलाई परिचालन गरेर यो प्रदेशको समग्र विकास गर्ने कुरामा प्रदेश सरकार सदैव तयार रहेको कुरा माननीय सभामुख महोदय, मार्फत म सदनलाई जानकारी गराउन चाहान्छु र हामीले भनेका छौ कि हामी हामीसँग साधन हामीसँग प्राकृतिक स्रोत त छ तर त्यसलाई परिचालन गर्नको लागि हामीसँग क्षमता, हामीसँग आर्थिक स्रोतको कुरा र हामीले नीतिगत रुपबाट र योजनावद्ध रुपबाट त्यसलाई विकास गर्ने कुरा हामी मुख्य रुपबाट अघि बढाउने मुख्य हाम्रो उद्देश्य पनि हो । हामीले हाम्रो ठाउँमा हाम्रा जनताहरुलाई कसरी सुविधा दिन सकिन्छ । कसरी दुरदराजका जनताहरुलाई विकासको मुलधारमा जोड्न सकिन्छ । कसरी पिछडिएको बर्ग, समुदायलाई

विकासको मुलधारमा जोड्न सकिन्छ । सुविधा नपुगेको ठाउँमा कसरी सुविधा दिन सकिन्छ । विकास नपुगेको ठाउँमा के विकासको आवश्यकता छ त्यसलाई मध्येनजर गरेर अगाडि बढाउन सकिन्छ । यो एउटा छलफलको विषय हो र त्यो कुरालाई मध्यनजर गरेर हामीले बजेट अगाडि सारियौ । बजेटको विषयमा छलफल गर्ने कुरा, त्यसलाई राम्रो भन्दा राम्रो बनाएर सबैको साझा बजेट बनाएर अगाडि जाने कुरा मुख्य विषय हो । सदन भित्र हामीले आफ्ना तर्क वितर्क राख्ने कुरा, सदनभित्र हामीले हाम्रो क्षेत्रको विकास कसरी गर्न सकिन्छ भनेर अगाडि बढ्ने कुरा यो सब भन्दा उपयुक्त कुरा हो । हामी सबैलाई थाहा छ । त्यस कारणले पनि हामीले ल्याएको बजेट हो सरसरती हेर्दा खेरि हामीले तेस्रो बजेट ल्याएका छौ तर पहिलो बजेट हाम्रो कस्तो थियो हामी सबैलाई थाहा छ । त्यो बारेमा हामी सबै जानकार छौ मलाई लाग्छ त्यो बारेमा मैले धेरै बोली रहनुपर्ने आवश्यक छैन । दोस्रो बजेट हामीले ल्यायौ त्यसलाई हामीले त्यतिखेरा बजेट ल्याउदा खेरि हामीसँग त्यो बजेट ल्याउदाखेरिको अवस्था र त्यसलाई खर्च गर्दा खेरिको अवस्था हामी संघीयतामा नया भएको कारणले प्रदेश नया भएको कारणले हामीसँग निकाय नभएको कारणले, हामीसँग खर्च गर्ने ठाउँहरु त्यो निकाय, त्यो जनशक्ति नभएको कारणले, कानूनले गर्दाखेरि पनि हामीले जुन तिब्रगतिमा हामी जान चाहेका थियौ त्यो नभएको हुन सक्छ तर यसको अर्थ यो होईन  कि केहि पनि भएको छैन भन्ने कुरा होइन हामीले योजना बनायौ, योजना निर्माण गर्यौ र त्यो योजनालाई कार्यान्वयन गर्न त्यो योजनामा छुट्याएको रकमलाई सहि तरिकाले कार्यान्वयन गर्ने तरिका र त्योबाट परिणाम ल्याउने कुरा मुख्य कुरा हो । हाम्रो नेपालमा चल्ने गर्छ खर्च गर्न सकेन भनेर आलोचना हुन्छ र खर्च गर्न सक्दैन यिनको क्षमता छैन भन्ने पनि कुराहरु उठ्ने गर्दछन् तर मलाई लाग्छ खर्च परिणाममुखि हुनुपर्छ खर्च गरिसकेपछि त्योबाट आउने परिणाम जनताको सामुन्य हुनुपर्छ खर्चको लागि खर्च मात्रै गरेर कुनै अर्थ छैन जस्तो मलाई लाग्छ त्यस कारणले हामीले भन्ने गरेका छौ । खर्च गर्ने क्षमता हामीले बढाउनु पर्छ । हाम्रो जनशक्ति बढाउनु पर्छ, हाम्रो सोचलाई परिवर्तन गर्नुपर्छ जो घुमाई फिराई १२ महिनाको बजेटलाई अन्तीममा जेष्ठ र आषाढमा ल्याएर खर्च गर्ने जुन हिजोको हाम्रो प्रथा छ यो बाट हामी माथि उठ्नुपर्छ भन्ने कुरा हामीले पटक पटक उठायौ तर हाम्रो समाजमा रहेको हाम्रो देशको जुन प्रकारको संयन्त्र छ, जुन प्रकारको खर्च गर्ने परिपाटि छ । बर्षौ देखि चिन्तनको रुपबाट त्यसको जो घर गरिराखेको छ त्योबाट मुक्त हुनका लागि पनि धेरै ठुलो संघर्ष गर्नुपर्ने, धेरै ठुलो छलफल गर्नुपर्ने, धेरै मान्छेसँग यो विषयमा डिभेड र बहस गर्नु पर्ने आवश्यकता हामीले ठानेका छौ । बर्षौ देखि लागेको आदतलाई बर्षौ देखि हामीले ग्रहण गरिराखेको कुरालाई त्यसलाई बदल्नको लागि मलाई लाग्छ समय लाग्दो रहेछ । हामीले चाहेका थियौ म तपाईहरुलाई यहा सदनलाई जानकारी गराउन चाहान्छु सभामुख महोदय, मार्फत गत बर्षको बजेट पास भैसकेपछि मैले तुरुन्त त्यो बजेट पास हुने वित्तिकै छलफल गर्यौ हामीले हामीसँग भएको जनशक्तिलाई राखेर हामीले छलफल गर्यौ बजेटलाई हामीले जेष्ठ मसान्त सम्म खर्च गर्ने बाताबरण बनाएर अगाडि बढ्नु पर्छ भनेर हामीले कुरा राख्यौ, हामीले त्यो प्रयास गरियौ तर त्यो प्रयास त्यति सफल किन हुन सकेन भने हामीसँग बजेट खर्च गर्ने निकायहरु हामीसँग थिएनन । बजेट खर्च गर्नुपर्ने ठाउँहरु हामीसँग थिए तर

त्यसलाई योजना बनाएर अगाडि बढ्नुपर्ने स्थिति जुन थियो त्यसलाई कर्मचारी समायोजनको कुरा, कार्यालय समायोजनको कुरा, ठाउँ ठाउँहरुमा निकायहरु बनाउने कुराहरु यो नभएको कारणले पनि जति हामीले सोचेका थियौ जो स्पिडमा हामीले छलफलहरु बढाएका थियौ मैले बोलेको पनि थिए त्यो अवस्थामा कि हामी आषाढमा हुने बजेट खर्चलाई रोक्नुपर्छ र त्यो प्रकारको परिपाटि अब राख्नुपर्छ भनेर पनि हामीले भनेका थियौ तर त्यो कुरालाई हामीले आंशिक रुपबाट त्यसलाई लागु गर्ने हामी गरिराखेका छौ तर पूर्ण रुपबाट त्यसलाई लागु गर्दा खेरि हामी यो बजेटलाई अगाडि बढाउछौ र दृढताको साथ अगाडि बढाउछौ भनेर पनि हामीले भनिराखेका छौ त्यस कारणले योजना छनौट गर्दा खेरि आउने समस्याहरु हामी सबैलाई थाहा छ हाम्रो देशमा हाम्रो अहिले सम्मको परिपाटि भनेको योजना छनौट कसरी हुन्छन तर त्यो परिपाटिलाई बदल्ने कुरा हामीले आवश्यकताको आधारमा योजनाहरु छनौट गर्ने कुरा, मागको आधारमा योजना छनौट छनौट गर्ने कुरालाई कति प्राईरोटि दिने भन्ने कुरा त्यो एउटा नीतिगत रुपबाट निर्णय गर्ने कुरा मुख्य कुरा हो र त्यसमा हामी अगाडि पनि बढीराखेका छौ र त्यो कुरालाई कार्यान्वयन गर्दा खेरि नि हिजो देखिको सोच, हिजो देखिको हाम्रो चिन्तनले त्यो कहिले काहि हामीलाई त्यहा जान अप्ठ्यारो गरिराखेको हुन्छ र योबाट पनि हामी अगाडि बढ्नुपर्ने अहिलेको आवश्यकता पनि हो । हामीले एउटा योजना जो तत्काल शुरु गरेर तत्काल सम्पन्न गर्नुपर्ने योजनालाई एउटा पाटोमा राख्ने कुरा, दिर्घकालिन, मध्यकालिन रुपबाट सम्पन्न गर्नुपर्ने अथवा त्यसलाई केहि समय लगाएर सम्पन्न गर्नुपर्ने योजनाहरुलाई एउटा पाटोमा राख्ने कुरा दिर्घकालिन रुपबाट गर्नुपर्ने कामहरुको र त्यो योजनालाई एउटा पाटोमा राख्ने कुरा क्याटागोरि नगरिकन हामी बजेटलाई व्यवस्थित गरेर जनताको विचमा अगाडि बढ्ने कुरा अप्ठ्यारो हुदो रहेछ भन्ने कुरा अहिले सम्मको हाम्रो अभ्यासले हामीलाई देखाएको छ । त्यस कारणले हामीले के भनेका छौ भने अब हामी यसलाई व्यवस्थित गर्न प्रयासमा छौ । सबैको आखिर यो व्यवस्थित गर्नको लागि सबैको सहयोगको आवश्यकता छ । यहा सत्तापक्ष, प्रतिपक्ष भनेर होईन यलाई व्यवस्थित गर्ने हाम्रो जिम्मेवारी हो । हाम्रो जिम्मेवारीलाई हामीले आफुले बोध गरेर अगाडि बढ्ने कुरा नै हो । हामी हिजोबाट सिकेर अगाडि बढ्ने कुरा हो । हिजोबाट फरक तरिकाले अगाडि बढ्ने कुरा हो । हिजोबाट हामी हिजो जे गर्दै थिइम त्यो बाट यदि त्यलाई परिमार्जित गरेर अगाडि बढ्ने कुरा हो । हिजो जे हामीले गर्यौ त्योबाट परिणाम नआएको कारणले नै हामीले राजनैतिक परिवर्तन खोज्यौ, व्यवस्था परिवर्तन खोज्यौ, संविधान हामीले जनताका प्रतिनिधीबाट बनायौ तर अज पनि हिजोको तरिकाले हामी जान खोज्यौ भने परिणाम देखिन सक्दैन त्यस कारणले पनि यो कुरा म यहा राख्न चाहान्छु कि हामी नया तरिकाले सोच्नु जरुरी छ सरकार त्यसको बाटोमा अगाडि बढी राखेको छ । हो अहिले परिणाम नआएको हुन सक्छ अहिले त्यो जति हामीले चाहेका छौ, जति हामीले खोजेका छौ त्यो प्रकारले नआएको हुन सक्छ तर त्यो बाटोमा हामी अगाडि बढ्न चाहेका छौ । समाजमा हामीले देखेका छौ विकास प्रतिको धारणा, योजना प्रतिको धारणा हामीले हामी जनप्रतिनिधीहरु प्रतिको धारणा, प्रशासन प्रतिको धारणा के छ त्योबाट हामीले पाठ सिकेर अगाडि बढ्ने कुरा नै मुख्य कुरा हो र यसको लागि हामीले सरकारले त्यसलाई अगाडि बढाउनको लागि हामी लागि राखेका छौ ।

हामी त्यो योजनावद्ध रुपबाट अगाडि बढेका छौ र यसमा हामी सबैलाई साथ लिएर जान सरकार तयार छ र त्यस कारणले यो कुरालाई हामी म माननीय सभामुख महोदय, मार्फत सदनलाई जानकारी गराउन चाहान्छु । र यो सँगसँगै हामीले बजेट निर्माण गर्यौ बजेट निर्माण गर्दै जादा खेरि बजेट सदनमा प्रस्तुत भयो हुनुपर्ने त खास के हो भने बजेट सदनमा प्रस्तुत भैसकेपछि सदन भित्रै त्यसको बारेमा छलफल हुनु सब भन्दा उचित हुन्छ । मैले नीति तथा कार्यक्रम पेश गरेपछि त्यसको जवाफ दिने क्रममा मैले एउटा कुरा भनेको थिए हामी जे कुरा हुन्छ सदन भित्रै गरम जे कुरा हो सदन भित्रै गर्दाखेरि सब भन्दा राम्रो हुन्छ । किन भने हामीलाई जनताले यो भित्र छलफल गर, यो भित्र जनताका कुरा उठाउ, यो भित्र सहि के हो गलत के हो त्यो विषयमा डिभेड गर भनेर हामी सबैलाई पठाएको कुरा नै हो । सदन भित्र नै हुनुपर्छ सबै कुराहरु तर्क, वितर्क, कहा के भयो ? कस्तो भयो ? प्राविधिक त्रुटि के हुन ? कहा कसरी, के कसरी जाने हो ? सन्तुलन मिलाउने कुरा के हुन ? त्यो कसरी जाने हो भन्ने कुराहरु यहि भित्र हुदा राम्रो हुन्छ, हुन्थ्यो तर त्यो हुन सकेन तर त्यो हुनुपर्छ हामी त्यहि चाहान्छौ हामी कसैलाई काखा र कसैलाई पाखा गर्न चाहादैन प्रदेश सरकारले त्यस कारणले पनि हामीले पटक पटक हामीले यो कुरा उठाई राखेका छौ चाहे त्यो सार्वजनिक स्थलमा होस, चाहे त्यो सदनमा होस मैले उठाउने कुरा के हो भने यो प्रदेशलाई विकासको बाटोमा अगाडि बढाउनको लागि यहा सबैको आवश्यकता छ । सबैले हातेमालो गर्नु जरुरी छ । हामी मात्र होईन राजनैतिककर्मी मात्र होईन हामी सांसदहरु मात्र होईन जनतालाई पनि साथमा लिएर जानु पर्छ । एउटा ठाउँमा एउटा बाटो बनाउछौ भने त्यो बाटोमा सबै हिड्छन, सबै विचार बोकेका मान्छेहरु हिड्छन, सबै विचार बोकेका मान्छेहरु त्यो बाटोलाई प्रयोग गर्छन त्यस कारणले त्यो बाटो बनाउदा खेरि हामी सहमति किन नगर्ने, हामी सहकार्य किन नगर्ने, हामी एकमत भएर किन नजाने यो कुरा मुख्य कुरा हो । जबसम्म हामी एकमत भएर अगाडि बढ्न सक्दैनौ तब सम्म विकासका कुरा हामी ठोस रुपबाट अगाडि बढाउन सक्दैनौ । भन्न हामी सबैले भनेका छौ हामी जनताको लागि नै हो । हामी जनताको लागि नै गर्छौ भन्छम तर जनताको लागि गर्ने कुरालाई हामीले ग्रहण गर्नै पर्छ र त्यो आधारमा हामीले अगाडि बढ्नुपर्छ भन्ने कुरामा प्रदेश सरकार सबैलाई साथ लिएर जानेमा कुनै कन्जुस्याई गर्दैन अहिले सम्म पनि गरेकोस्थिति होईन र यो कुरा मैले पटक पटक भनेको छु । हो हामी हाम्रा केहि आफ्ना फरक हुन सक्छन, बुझाईहरु फरक हुन सक्छन, चाहानाहरु फरक हुन सक्छन्, सोचहरु फरक हुन सक्छन तर विकासको हकमा हामी एक ठाउँमा आउनै पर्छ । त्यो कुरालाई हामीले कार्यान्वयन गर्नको लागि हामी एकठाउँमा आउनै पर्छ । यदि विकासको कार्यान्वयन हुने क्रममा केहि तल माथि भएको छ भने यदि त्यो गएको बजेट सहि तरिकाले सदुपयोग भएको छैन भने त्यो बजेट माथि यदि कहि गलत भएको छ र कसैले गलत चिन्तनमा त्यो कुराहरु अगाडि बढाएको छ भने सबै मिलेर त्यसलाई रोक्नु पर्छ । रोके पछि मात्रै हामी सहि चिजलाई स्थापना गर्न सक्छौ, स्थापित गर्न सक्छौ । यदि रोक्न सकिएन भने हामी एक दुस्रालाई आलोचना गर्न सक्छौ तर परिपाटिलाई बदल्न सक्दैनौ र हामीले प्रष्ट भनेका छौ हाम्रो प्रदेशमा हामी भ्रष्टाचारलाई रोक्न चाहान्छौ । शुन्यतामा ल्याउन चाहान्छम तर त्यलाई शुन्यतामा ल्याउनका लागि सबैको आवश्यकता छ । त्यसमा आम

जनतामा एउटा जागरण ल्याउनु जरुरी छ । हामी सबैमा शुद्ध सोच र ईच्छाशक्ति हुनु जरुरी छ । प्रशासनिक निकायमा हुने जुन प्रकारको त्रुटिहरु छन् परिपाटि छ त्यलाई अन्त्य गर्नु जरुरी छ र त्यसको लागि एक ठाउँमा उभियौ भने हामी सफल हुन सक्छम यदि एक ठाउँमा उभिन सकेनौ भने एक दोस्रालाई आलोचना मात्रै गर्यौ भने तर त्यसको परिणाम आउन सक्दैन तर अहिले सम्म हामीले देखेको, हामीले भोगेको, हामी सबैले महसुस गरेको के हो भने बदल्नको लागि आलोचना होईन आफ्नो सहभागिता जनाउनका लागि मात्र आलोचना भए जस्तो कुराहरु देखिन्छन यो हाम्रो अहिले सम्मको परिपाटि हामी समाजमा देख्छम तर त्यलाई बदल्नको लागि हुनुपर्छ एकमत भएर त्यसको जवाफ हामीले दिनुपर्छ र त्यो दिन सक्यौ भने हामी सफल हुन्छौ र हामी यो प्रदेशलाई एउटा व्यवस्थित र राम्रो प्रदेशको रुपबाट हामी चिनाउन सक्छौ त्यस कारणले बजेट पछिका कुराहरु केहि कुराहरु उठे सदनमा मैले अघि पनि भने सदन भित्रै उठ्नुपर्ने कुराहरु हुन तर उठ्न सकेनन बाहिर भए पनि हामीले व्यापक छलफल गर्यौ । बजेट माथि यति छलफल मलाई लाग्छ अनौपचारिक रुपबाट गत बर्षको बजेटमा यति छलफल भएको थिएन । बजेटलाई कसरी व्यवस्थित गर्न सकिन्छ, सन्तुलित कसरी गर्न सकिन्छ, त्यलाई सबैको बजेट कसरी बनाउन सकिन्छ र बजेटमा बजेटलाई खर्च कसरी गर्न सकिन्छ, बजेटले ल्याएको जुन कार्यक्रम छ त्यो कार्यक्रमलाई व्यवस्थित रुपबाट जनताको बीचमा परिणाममुखि कसरी बनाउन सकिन्छ यो विषयमा छलफल हुने कुरा स्वभाविक हो । यसलाई हामीले अन्यथा लिनु हुदैन तर अन्त त के हो भने बजेटलाई हामीले कार्यान्वयन गर्ने कुरामा हामी सहमत हुने कुरा नै हाम्रो मुख्य विषय हो त्यस कारणले हामीले यो कुरा गरिरहदा खेरि यो कुरालाई हामी अगाडि बढाई रहदा खेरि हाम्रो हामीले गर्ने काम, हामीले गर्ने छलफलहरु यो प्रदेशको समृद्धिको लागि हुनुपर्छ । यो प्रदेशको सबै जनतालाई विकासको बाटोमा डोर्‍याउनको लागि हुनुपर्छ । यो प्रदेशमा रहेको प्राकृतिक स्रोतहरुलाई पहिचान गरेर त्यलाई परिचालनको लागि हुनुपर्छ । यो प्रदेशमा विगतमा विकास हुन सकेन यो हामीले सबैले भन्दै आएका छौ तर अब तिब्र गतिमा विकासमा अगाडि ढ्नको लागि हुनुपर्छ र यो कुरालाई लिएर हामीले छलफल र डिभेड अगाडि बढाउने कुरा सकारात्मक हुन्छ र त्यलाई त्यहि अनुसार हामीले जानुपर्छ त्यस कारणले प्राविधिक केहि समस्या हुन सक्छन तर त्यसलाई मुलरुपबाट बजेटको स्पिड के छ मलाई लाग्छ प्रदेश सरकारले ल्याएको बजेटको स्पिड सकारात्मक छ र यो हाम्रो हामीले यो प्रदेशमा कुन कुरालाई प्राईरोटि दिएर अगाडि बढेका छौ भन्ने कुरा स्पष्ट गरेका छौ, खोज गरेका छौ र बजेटको मुलस्पिडको रुपबाट बजेट ठिक भएको कारणले नै अहिले बजेट माथि सकारात्मक कुराहरु र केहि कुराहरु आफ्ना विचारहरु राख्ने कुराहरु भएको छ त्यस कारणले म के भन्न चाहान्छु भने यो बजेटलाई साझा बजेट बनाउने प्रदेश सरकारको मुख्य उद्देश्य हो । हामी यसलाई साझा बनाउन चाहान्छु । यसलाई सबैको साझा बजेटको रुपमा जनताको विचमा लगेर जान चाहान्छौ । त्यसमा प्रतिपक्षले आफ्ना कुरा राखेको छ । हाम्रा आफ्ना कुराहरु छन् र जनताको पनि यो १५, १६ दिन हामीले हेर्दै जादाखेरि मलाई लाग्छ आज २१ दिन भै सक्यो बजेट प्रस्तुत गरेको २१ दिनमा जनताका आफ्ना विचारहरु, जनताका आफ्ना कुराहरु पनि हामीले धारणा सबैले सुनेका छौ तर सबै ठाउँमा हामीले हेर्दा खेरि

के पाएका छौ भने बजेटको मुल स्पिड ठिक छ त्यसलाई कार्यान्वयन गर्ने कुरामा सरकारले जोर गर्नुपर्छ । यसको परिणाम निकाल्नेमा सरकारले जोर गर्नुपर्छ भन्ने सुझाव हामीले पाएका छौ । प्राविधिक कुराहरु केहि भएका हुन सक्छन र त्यलाई कसरी सच्याउने भन्ने कुरा त्यो प्राविधिक विषय हो तर हामीले हेर्ने भनेको मुल स्पीडमा र त्यस कारणले यो स्पीडसँग सहमति भैसकेपछि त्यो अनुसार नै हामीले अगाडि बढ्ने दृढताका साथ हामी अगाडि बढ्नु पर्ने हुन्छ र सरकारको एउटा दायित्व के हो भने यसमा यो स्पीडमा प्रतिपक्षलाई पनि साथ लिएर जाने हाम्रो दायित्व पनि हो र हामी त्यलाई लिएर जान हामी तयार पनि छौ । म आग्रह गर्न चाहान्छु सभामुख महोदय, मार्फत प्रतिपक्षलाई हामीले अहिले सम्म सरकार चलाई रहदा खेरि कुन समयमा हामीले प्रतिपक्षलाई काखा र पाखा गर्यौ त्यस्तो लाग्दैन विचारको आधारमा हामी अलग अलग भएता पनि यो प्रदेशको समग्र विकासको लागि हामीले पटक पटक यो कुरा भनेका छौ र हामीले अगाडि पनि बढी राखेका छौ । गर्दै जाने, सिक्दै जाने, सहकार्य गर्दै अगाडि बढ्ने कुरा नै मुख्य कुरा हो त्यसको लागि सरकार तयार छ यसमा सबैले हातेमालो गरेर जान र हामी गयौ भने हामी सफल पनि हुन सक्छौ । छन् हाम्रो प्रदेशमा धेरै योजनाहरु पनि छन् हामीले गर्न नसक्ने योजनाहरु पनि हामी सँग छन् । हामीलाई थाहा छ २८ अरबको बजेट भनेको धेरै ठुलो विषय होईन केन्द्रको एउटा कुनै संघीय मन्त्रालय भन्दा पनि धेरै कम धेरै कम बजेट हामीले ल्याएका छौ । यो बजेटले यसको आकार बढाएर हामीले धागाको रुपबाट बजेट ल्याउने कुरा त्यति उचित ठानेनौ हामीले किन ठानेनौ भने हामीले जे छ त्यो कुरालाई मात्रै सहि तरिकाले सदुपयोग गर्यौ भने केहि न केहि परिणाम आउन सक्छ भन्ने कुरा सरकारको ठम्याई थियो तर हामीले गर्नुपर्ने धेरै छ हाम्रो क्षेत्रमा धेरै ठुला ठुला आयोजनाहरु छन् हामीले त्यो आयोजनालाई सम्पन्न गराउनको लागि शुरु गराउनको लागि संघीय सरकारसँग समन्वय गर्नुपर्ने छ त्यो समन्वय गर्दा खेरि यो सदनको सम्पूर्ण सदनको स्वामित्व हुने गरेर अगाडि बढाउनु पर्ने पनि छ मैले पटक पटक उठाएको छु । पश्चिम सेतीका कुरा हामीले उठाएका छौ, राष्ट्रिय गौरवको योजना सबैलाई हामीलाई थाहा छ हाम्रो प्रदेशमा एउटै मात्र राष्ट्रिय गौरवको आयोजना संचालित छ यो भन्दा धेरै बढ्न सकेको छैन तर हामीले भन्यौ संघीय सरकारसँग क्याविनेटबाट पास गरेर पनि हामीले कैयौ चोटि पठायौ र अहिले पनि हामी त्यलाई बजेटमा हामीले पनि भनेका छौ नीति तथा कार्यक्रममा पनि प्रष्ट भनेका छौ राष्ट्रिय गौरवका आयोजनाहरुलाई थप्ने कुरा, पश्चिम सेती लगायतका योजनाहरुलाई शुरु गर्नुपर्छ भनेर एउटा प्रकारको सहकार्य र माथि समन्वय गर्ने कुरा र त्यसमा सबैको स्वामित्व हुने गरेर त्यलाई माग गर्ने कुरामा सरकार एकदमै हिजो देखि तयारै थियो र अझ पनि तयारै छ तर त्यो हुन सकेको छैन मलाई लाग्छ एउटा ठुलो सडक चाहे त्यो सेती लोकमार्गको कुरा गरौ, चाहे त्यो महाकाली कोरिडोरको कुरा गरौ, चाहे त्यो खुटिया फास्ट्राकको कुरा गरौ यि जो तराई देखि पहाड हिमाल जोड्ने सडकहरु छन् यिनलाई प्रदेशले मात्रै आफ्नो क्षमताले गर्न नसक्ने कुरा हामी सबैलाई थाहा छ तर त्यसको लागि संघीय सरकारसँग समन्वय गर्ने कुरा, संघीय सरकारबाट एकदम प्रभावकारी कार्यान्वयनको लागि हामीले यहाबाट दवाफ गर्ने कुरा त्यो सधै सरकारले गरिपनि राखेको छ र अझ पनि त्यो गर्ने कुरामा कुनै दुईमत छैन र यो सँगसँगै अन्य

आयोजनाहरु पनि छन् । हामीले कृषिलाई प्राईरोटि दिएका छौ तर हामीले कृषिलाई अब ठोस रुपबाट अगाडि बढाउनुपर्छ भनेका पनि छौ तर त्यसको लागि पनि हामीसँग बजेट कम पर्छ यसको लागि पनि हामी संघीय सरकारसँग संघीय सरकार मार्फत चलेका कृषिका आयोजनाहरुलाई कसरी त्यलाई सँगसँगै लिएर जान सकिन्छ । परिणाममुखि बनाउन सकिन्छ पैसा खर्च गरेर मात्र हुदैन त्योबाट आउने परिणाम जनताको विचबाट देखाउने कुराहरु र त्योबाट हामीले भोली एउटा परिणाम दिएर समृद्धिको बाटोमा अगाडि बढ्ने कुरा मुख्यकुरा हो यति मात्र होईन हामीले स्थानीय तहसँग पनि यो कुरा छलफलमा ल्याएका छौ । साझा रुपबाट हामी जाऔ हामीले प्रदेशले जे गर्न चाहेको छ कृषिको आयोजनामा प्रदेश सरकार, स्थानीय तह र संघीय सरकारको संयुक्त आयोजनामा पनि हामी कृषिका ठुला ठुला आयोजनाहरु गर्न सक्छौ । जलविद्युतको आयोजना गर्न सक्छौ यसको विषयमा संघीय सरकारसँग हामी गरिपनि राखेका छौ र अगाडि बढी पनि राखेका छौ र यसको परिणाम नआएको कारणले अहिले कुरा के उठि राखेको छ भने प्रदेश सरकारले केहि पनि गरेको छैन, केहि पनि गर्न सकेको छैन भन्ने कुरा उठि राखेको छ मलाई लाग्छ यो कुरा उठ्ने कुरा त्यति अचम्वीत कुरा केहि होईन तर यसको पछाडिको एउटा कारण के हो भने प्रदेश सरकारले गरेको काम सकारात्मक कामको सकारात्मक भन्ने कुरा, नकारात्मक कुरालाई यो गलत भएको छ यसलाई सच्याउनु पर्छ भन्ने कुरा यो एउटा सरकारलाई दिने सुझावलाई हामी ग्रहण गर्छौ । त्यलाई हामीले सच्याएर जान्छौ तर यसलाई ध्वन्सात्मक रुपबाट केहि पनि गरेको छैन, केहि पनि भएको छैन, केहि गर्ने क्षमताइ राख्दैन, प्रदेश सरकारले कानून बनाउनमा क्षमता छैन, बजेट ल्याउनेमा क्षमता छैन, कार्यान्वयन गर्नेमा क्षमता छैन भन्ने जुन प्रकारका कुराहरु उठि राखेका छन् त्यो गलत कुरा हो त्यो भनेको एउटा व्यवस्था माथि नै को आलोचना हो  किन भने हामी नया काम गर्दै छौ । नया काम गर्दै जाने क्रममा केहि त्रुटि कमजोरीहरु हुने कुरा, केहि ढिला हुने कुरा त्यो स्वभाविक हुन्छ यो हामी सबैले बुझेका छौ । चमत्कारको रुपबाट अगाडि बढ्न सकिदैन तर हामीले प्रयास गर्यौ कि गरेनौ हाम्रो मुलस्पिड के हो, हाम्रो मुल सोचाई के हो र हाम्रो मुल कार्यक्रम के हो त्यतापट्टी ध्यान जान जरुरी छ र म आग्रह गर्न चाहान्छु । प्रतिपक्षलाई पनि यो आग्रह गर्न चाहान्छु हामी मुलस्पिडमा हामी सहमत छौ भने यो प्रदेशलाई समग्र विकासको बाटोमा अगाडि बढाउनमा हामी सहमत छौ भने बाँकी कुराहरु मिलाएर जाने कुरा रहन्छ । बाँकी कुराहरु हामी छलफल गर्दै, कुराकानी गर्दै अगाडि बढ्दै जाने कुरा रहन्छ र यसको लागि म आग्रह पनि गर्न चाहान्छु । हाम्रो सबैको लक्ष्य मैले अघि पनि भने सबैको लक्ष्य भनेको हाम्रो यो प्रदेशको समग्र विकास गर्ने नै हो । यो प्रदेशका जनताहरुलाई विकासको बाटोमा अगाडि बढाउने नै हो । एउटा बाजुरा र दार्चुलाको कुनामा बसेको जनतालाई पनि प्रदेश सरकारको महसुस हुने कुरा प्रदेश सरकारको छ म सँग सरकार छ भन्ने कुरा यो कुरालाई महसुस गराउने कुरा र जनतालाई विकासको बाटोमा अथवा उनको घरदैलोमा विकास पुऱ्याउने हाम्रो लक्ष्य हो र त्यो लक्ष्यमा हामी सहमत छौ भने बाँकी कुराहरु मिलेर जाने कुरा हो । मिलाएर जाने कुरा हो मिलाएर मिलेर जानेमा प्रदेश सरकार तयार छ यसमा कुनै दुईमत छैन तर यो भित्र रहेर हामीले फेरी बाँहिर एउटा कुरा हुने र भित्र कार्यान्वयन गर्दा खेरि व्यवहारमा जादा

खेरि अलग भयो भने जनताले पनि त्यसको मुल्यांकन गर्छ र प्रदेश सरकार जनतालाई पनि ढाट्न चाहादैन सभालाई पनि ढाट्न चाहादैन हामी जे छ त्यो प्रष्ट कुरा हो । यहा बीचमा कुरा पनि एकचोटि उठेको थियो यहा हामीले १५ किलोमिटर पिच गर्यौं भनेर प्रगति सुनाउदा खेरि धेरै टिका टिप्पणी भयो मैले त्यतिखेरा भनेको थिए हामी सदनलाई सत्य कुरा जानकारी गराउन चाहान्छौ । जे हो त्यो बताउन चाहान्छौ हामीले गरेको कम छौ हामीले धेरै देखाउन जरुरी छैन त्यस कारणले पनि मेरो भनाई के हो भने हामी जसरी अगाडि बढ्न चाहि राखेका छौ त्यसमा प्रष्ट हाम्रो नीति छ, प्रष्ट हाम्रो धारणा छ प्रष्ट सरकारले आफ्नो खाका बनाएको छ । गत बर्षको बजेट भन्दा फरक तरिकाले बजेट ल्याएको छ । ठोस रुपबाट बजेट ल्याएको छ । कार्यान्वयन गरौ हो केहि मैले भनिसके कार्यान्वयन गर्ने दौरानमा आउने समस्याहरुलाई सबै मिलेर समाधान गरौ यदि बजेट गलत तरिकाले कुनै ठाउँमा विनियोजित हुन्छ र त्यसरी हिजोको परिपाटि जसरी हिजोको परिपाटि पनि थियो हामी सबैलाई थाहा छ । नेपालमा बजेट कसरी बन्थ्यो खल्तीका योजनाहरु जाने, कुनै विधि प्रक्रिया नपुर्‍याईकन जाने, कुनै ठाउँमा के काम गर्नु छ त्यसको ठोस छैन तर त्यो कसैको भनेकै आधारमा त्यहा पैसा छुट्टीने यो हिजोको परिपाटि हो त्योबाट हामी आफै ग्रसित छौ तर त्योबाट माथि उठ्ने अहिले हाम्रो मुख्य उद्देश्य हो र यदि त्यसरी भएको छ भने त्यलाई हामी रोक्नुपर्ने हुन्छ । गलत तरिकाले कसैले बजेटलाई प्रयोग गर्न चाहान्छ भने त्यलाई रोक्नुपर्छ त्यसमा कुनै दुईमत छैन मैले भने व्यक्तिगत स्वार्थ पूर्ति गर्नको लागि पनि कहिल्यै काम भएका हुन सक्छन र त्यस्ता कुरामा हामी पछाडि हट्नु हुदैन र यसमा सरकारको प्रष्ट धारणा छ र तर हिजोको परिपाटि, हिजोको कार्यसैली, हिजोको हाम्रो व्यवहार हिजो गर्दै आएको कुराबाट हामी माथि उठ्नै पर्छ । यो हाम्रो सबैको दायित्व हो । हामी एकदोस्रालाई आलोचना गरेर मात्र हुदैन । हामी एकदुस्रालाई आक्षप गरेर मात्र हुदैन हामी परिवर्तन हुनुपर्छ र त्यसबाट अगाडि बढ्यौ भने मलाई लाग्छ हामी नयाँ ठाउँमा पुग्न सक्छौ । गत बर्षको बजेटमा केहि अप्ठ्याराहरु थिए, केहि व्यवस्थित हुन नसकेको हुन सक्छ तर त्यो भन्दा यो बर्षको बजेट व्यवस्थित र राम्रो तरिकाले अगाडि बढ्यो त्यस कारणले नै यो बजेट अलि व्यवस्थित, अलि राम्रो र यसको स्पीड अलिकता राम्रो भएको कारणले नै यो माथि आलोचना पनि भएको छ । यो पनि हामीले बुझ्केका छौ तर सरकारको दायित्व हो यो बजेट सबैको साझा बनाउने र यसमा हामी एकदम कटिवद्ध छौ र यसमा हामी लागेका छौ र यो सँगसँगै हाम्रो विगत देखि नै कार्यान्वयनमा रहेका कुराहरु मैले पटक पटक भनेको छु र फेरी पनि म सभामुख मार्फत सदनलाई भन्न चाहान्छु । बर्षौ देखि संचालित रहेका योजनाहरु हाम्रो प्रदेशमा अहिले पनि छन् त्यो योजनाहरुलाई चाहे त्यो हुलाकी राजमार्गको कुरा गरौ, चाहे कुनै ठाउँमा पुलको कुरा गरौ, चाहे कुनै अन्य आयोजनाका कुराहरु गरौ कस्तो देखिन्छ भने बर्षौ देखि संचालित भएका छन् । बर्षौ देखि कार्यान्वयनमा छन् तर त्यसको कहिल्यै पनि न सम्पन्न हुन्छन न त्यो अलिकता माथि उठ्न सक्छन यि परिपाटिको अन्त्य गर्नको लागि प्रदेशले संचालन गर्ने आयोजनाहरुलाई अब हामी एकदमै प्रष्ट रुपबाट खाका बनाएर, प्रष्ट रुपबाट योजना बनाएर यति बर्ष भित्र, यति महिना भित्र, यति दिन भित्र यो आयोजना सम्पन्न गर्नुपर्छ भन्ने हिसाबबाट प्रदेश सरकार जान चाहान्छ । हामीले हिजोको पिडा

भोगेका छौ । हिजो मैले कैयौ ठाउँमा कुरा पनि उठाए हाम्रो केन्द्रमा प्रदेश समन्वय परिषदको बैठकमा पनि मैले पटक पटक कुरा उठाए काठमाण्डौमा बसेर डिपिआर तयार हुने, ठेक्का पट्टा हुने तर त्यो कार्यान्वयनमा जादा खेरि जुन ठाउँमा पुल बनाउनु छ त्यो नदीमा गएर हेर्दा खेरि त्यो काठमाण्डौमा बनाएको डिपिआर र त्यहा भएको डिजाईन सहि नबस्ने भई सकेपछि डिजाईन फेर्ने कुरा पनि विगतमा भएकै छन् । कति गैर जिम्मेवारी तरिकाले विगतमा योजनाहरु बन्दा रहेछन् अब हामीले पनि त्यहि गर्यौ भने नयापनको केहि देखिदैन त्यस कारणले प्रदेश सरकारले प्रष्ट भनेको छ । योजना बैंकको कुरा उठायौ किन योजना बैंकको कुरा उठायौ कुनै योजना अध्ययन नगरिकन पैसा छुट्याईयो भने त्यो योजना दुरुपयोग हुन सक्छ त्यस कारणले हामीले योजना वैंकको रुपबाट योजना ल्याउने सबैका योजनाहरु त्यहा आउछन् जनताका माग पनि आउछन्, माननीयहरुका योजनाहरु पनि आउछन्, सरकारका आफ्ना योजनाहरु पनि हुन्छन, डिपिआरबाट बनेका योजनाहरु पनि हुन्छन तर त्यो योजनालाई कार्यान्वयनमा लैजानु भन्दा पहिले त्यसको अध्ययन गर्ने कुरा, त्योबाट कति जनाले लाभ उठाउछन्, त्योबाट कति फाईदा हुन्छ, त्योबाट पर्यावरण लगायत कति नोक्सान हुन्छ यो कुरालाई अध्ययन गरेर मात्रै योजना अगाडि बढायौ भने मात्रै त्यसको परिणाम पनि ठिक आउछ । त्यसको विरोध पनि हुदैन, त्योबाट आउने जुन लाभ छ त्यो लाभ हामी सबैले उठाउन सक्छौ भनेर हामीले त्यसको शुरुवाद गर्न खोजेको हो । योजना वैंकको रुपबाट हामीले त्यलाई शुरुवाद गर्न खोज्यौ विगतमा जे देखियो त्यो ठिक थिएन यहि कान्द्रा नदीको पुलको कुरा गर्नुहुन्छ भने पछि पटक पटक हामीले कुरा उठायौ ३० महिनाको एग्रिमेन्ट हुन्छ त्यो डिपिआर काम हुदैन अर्को डिपिआर गर्नुपर्छ फेरि पनि काम हुदैन यद्धपी त्यो हाम्रो मार्फत छैन तैपनि हाम्रो दायित्व के हो भने त्यो पनि हाम्रै हो भनेर हामीले सोच्नु पर्छ हाम्रो प्रदेशमा संचालित सबै योजनाहरु हाम्रा हुन र त्यलाई व्यवस्थित रुपबाट प्रभावकारी कार्यान्वयनका लागि हामी सबै एकठाउँमा उभिनुपर्छ भन्नेमा प्रदेश सरकार तयार छ र हामी लाग्छौ पनि हामीले भनेका पनि छौ त्यो कुराहरु त्यस कारणले यि कुराहरुबाट माथि उठेर काम गर्नको लागि हामीले योजना बैंकको कन्सेप्ट ल्याएका छौ । त्यहा सबैका योजनाहरु आउछन् हामी योजनाहरु हेर्छौ कुनै ठाउँमा सिंचाईको पोखरी बनाउनु छ भने हामीले अध्ययन नगरिकन त्यहा पैसा हाल्यौ भने त्यहा नहरको पैसा जान सक्छ त्यहा पानिको मात्रा एकदम कम छ, त्यहा बनाउनु पर्ने छ पोखरी त्यहा त्यहि अनुसारको त्यहा खेतियोग्य जमिन छ तर त्यहा हामीले वृहत सिंचाई योजना भनेर हाली दियौ भने त्यसको दुरुपयोग हुन सक्ने सम्भावना धेरै रहन्छ त्यस कारणले हामीले के भन्यौ भने देखि हामी हेरौ, बुझौ अहिले सरकारले के पनि सोचि राखेको छ भने एउटा अध्ययन टोली बनाएर सबै योजनाहरुको अध्ययन गर्ने, सबै परिवेशका पाटा, पक्षहरुलाई केलायर त्यसपछि योजनालाई अगाडि बढाउने भनेर हामीले प्रष्ट रुपबाट भनेका छौ यो नीतिमा सरकार अगाडि बढ्न तयार छ र यसले के हुन्छ भने डुप्लीकेशन हुन बाट पनि रोकिन्छ, योजना छनौट गलत तरिकाले हुने जो परिपाटि छ योबाट पनि रोकिन्छ र सबैको स्वामित्व र सबैको पहुच हुन्छ । पहुच भएको आधारमा मात्रै बजेट जाने भनेको आधारमा मात्रै बजेट जाने भन्दा पनि आवश्यकताको आधारमा बजेट जाने कुराहरुमा हामीले त्यो अगाडी सारेका

छौ र यसमा सबैको फेरी यो एउटा सरकारको मात्रै स्वामित्वको कुरा होईन यहा समग्र संसदको, यहा सबै सांसदहरुको त्यसमा स्वामित्व हुन जरुरी छ । त्यो मेरो हो, मैले बनाएको हो, त्यो हामीले ल्याएको नीति हो भन्ने कुरा सबैले त्यो गर्भ गर्ने लायकको बनाउनको लागि हामी सबैलाइ यो आग्रह पनि गर्न चाहान्छु । सभामुख महोदय, यो सँगसँगै हामीले जो कार्यान्वयनको पाटो छ मैले अघि पनि थोरै कुरा उठाए धेरै कमजोर छ हामी हाम्रो प्रशासनिक तन्त्र, हाम्रो कार्यान्वयन गर्ने ठाउँहरु र हाम्रो मानसिकता नै कस्तो छ भने हामी एकदमै एकदमै यति संकोचित छौ कि चौमासिक भन्छौ तर ३ महिना १५ दिन सम्म हामी चुप्प बसेका हुन्छौ १५ दिनमा मात्र त्यो गर्न खोज्छौ त्योले परिणाम आउदैन त्योले त्यहा गडबड हुन्छ हामी सबैले त्यो कुरा महसुस गरेका छौ तर यसलाई रोक्नको लागि के गर्ने नयाँ बाटो नयाँ कुरा अगाडि बढाउनको लागि के गर्ने त्यो भनेको के हो भने हामीले भनेका छौ अब चौमासिक कुराहरु त्यो एउटा विधिमा छ हिजो देखि चल्दै आएको कुरा छ हाम्रो खरिद ऐनमा त्यो लेखिएको छ त्यलाई हामीले पालना गर्ने कुरा छदै छ तर त्यलाई प्रभावकारी कार्यान्वयनका लागि सरकारले के सोचेको छ भने अब प्रत्येक महिनाको प्रगतिको बारेमा हामीले अब काम अगाडि बढाउनु पर्छ । साउनको महिना हामीले के गरिसक्नुपर्छ, भदौको महिना के गरिसक्नुपर्छ, असोजको महिना के गरिसक्नुपर्छ भन्ने कुरा खाका बनाएर हाम्रो प्रदेशका निकायहरुलाई प्रदेशका मातहतका कार्यालयहरुलाई त्यो खाका बनाएर दिने कुरा र त्यो परिणाम देखाउने कुरामा सरकार अगाडि बढी राखेको छ र यसमा सबैको सहयोगको आवश्यकता छ । किन भने सरकारले ल्याएको कार्यक्रम र योजनालाई कार्यान्वयन गर्ने कुरा जनताको बीचमा पुऱ्याउने कुरा र त्योबाट परिणाम निकाल्ने कुरा हामी सबैको दायित्व हो र सबैको आवश्यकता पनि हो त्यस कारणले हामीले अब चौमासिक भनेर ४ महिना, ३ महिना साढे ३ महिना बस्ने १५ दिन काम गर्ने परिपाटिको पनि अन्त्य गर्न जरुरी हुन्छ र यो सँगसँगै हामी के देख्छौ भने जति फास्ट गर्न खोजे पनि अन्तमा गएर आषाढ मै पुग्ने जो परिपाटि छ अब यलाई १२ महिनाको भन्दा पनि ११ महिनाको योजना बनाएर अगाडि बढ्नुपर्छ भन्ने कुरा हामीले प्रष्ट भनेका छम यसमा कुनै पनि कमी रहदैन कसैले पनि यसमा आसंका गर्नुपर्ने जरुरी छैन त्यस कारण यो कुराहरु म राख्न चाहान्छु र यो सँगसँगै हामीले हाम्रो बजेटमा छलफल गर्दै जादा हाम्रो बजेटको विषयमा कुरा उठाउदै जादा प्रतिपक्षसँग पनि हाम्रो पटक पटक सल्लाहा छलफल भयो लामो समय सम्म सदन अवरुद्ध भयो यो अब सदन अवरुद्ध गरेर मात्रै जनताका कुराहरुलाई अगाडि बढाउन सकिदैन सदनभित्रै हाम्रो डिभेड चलाऔ, सदनभित्रै हाम्रा कुराहरु राखौ, सदनभित्रै हामी बजेट माथिको टिकाटिप्पणी बजेट ठिक छ, बेठिक छ, ठिक ठिकै छ, कस्तो छ त्यहि भित्रै गरौ भन्ने नै हामीले पटक पटक प्रतिपक्षसँग पनि यो कुराहरु राख्यौ हामी एउटा छलफल गर्दै जाने क्रममा कुरामा कहा पुग्यौ भने अब सदनलाई संचालन गरेर अगाडि बढ्नु पर्छ । र हामी सदनभित्र पनि हामी आफै आफ्ना कुराहरु राख्ने कुरा रहन्छ र प्रतिपक्षलाई पनि साथ लिएर जानेमा सरकार पनि तयार छ भन्ने कुरा हामीले हिजो पनि भनेका थियौ अहिले पनि भनिराखेका छौ त्यस कारणले अब जाहा केहि कुरा हामीले गर्नु छ, केहि कुरा हामीले देखाउनु छ यो प्रदेशलाई एउटा नमुना बनाउनु छ, यो प्रदेशको समग्र विकास गर्नुछ भने हामी एकै ठाउँमा जानुपर्ने जरुरी

हुन्छ । हामी आफ्ना विचारहरु, आफ्ना कुराहरु राजनैतिक विचारहरु आफ्नो ठाउँमा राख्दै जाऔं तर यो प्रदेशको समग्र विकासको लागि र यो बजेटलाई जनताको बजेट बनाउनको लागि हामी आफ्ना कुरा राख्दै छलफल गर्दै अगाडि बढौ भन्ने हामीले भनेका पनि छौ र त्यहि आधारमा हामी अगाडि जान प्रदेश सरकार तयार छ र यो भन्दा पछिका दिनहरुमा पनि हामी नयाँ नयाँ कुराहरु आउदै जान्छन, नयाँ नयाँ योजनाहरु आउदै जान्छन हामीसँग रहेका कुराहरुलाई हामी कसरी व्यवस्थित गर्ने, कसरी त्यसलाई व्यवस्थित रुपबाट अगाडि बढाउने भन्ने कुराहरुमा पनि हाम्रो छलफल चल्दै जान्छ हाम्रो छलफल चल्दै हामीले जे राम्रो हुन्छ, जे ठिक हुन्छ, जे जनताको हितमा हुन्छ त्यो पुरा गर्ने नै हामी सबैको उद्देश्य हो । चाहे त्यो सत्तपक्षको हो, चाहे त्यो प्रतिपक्षको हो मलाई लाग्छ त्यहि उद्देश्य हो र यो उद्देश्य हाम्रो समान छ भने बाँकी कुराहरु त हामीले छलफलद्वारा छलफल गरेर हल गरेर जाने कुरा हुन यसमा प्रदेश सरकार एकदम तयार छ र मलाई धेरै खुशि लागेको छ धेरै दिन हामीले सदन हाम्रो सदन अवरुद्ध भयो यो बाट पनि धेरै बजेट माथि धेरै छलफलहरु मलाई लाग्छ अनौपचारिक छलफल यति धेरै भएका छन् । चोक चोकमा भएका छन्, चिया पसलमा भएका छन्, संचारमाध्यममा भएका छन्, माननीयहरुका आपसमा भएको छ यो यति धेरै छलफल हुनु भनेको के हो भने यो बजेट राम्रो छ यो बजेट राम्रो तरिकाले कार्यान्वयन होस यो बजेटलाई अब हामीले एकदमै सबैको बजेट बनाएर लगेर जानुपर्छ भन्ने नै सबैको धारणा र सबैको सोच सबैको एउटा स्पिड छ भन्ने कुरा मैले बुझेको छु र त्यो अनुसार प्रदेश सरकारले पनि त्यसको त्यो दायित्व लिएर हामीले अगाडि बढ्ने छौ प्रदेश सरकार त्यसरी अगाडि बढ्ने छ यसमा कुनै पनि संका र आसंका गर्नुपर्ने जरुरी छैन हामी सबैलाई मिलाएर लगेर जान सक्छौ र सक्नुपर्छ त्यो हाम्रो दायित्व हो किन भने यो प्रदेशको समग्र विकास गर्नको लागि सबैको भूमिका हुने भएकोले यो सदनको मुख्य त यो सदनको भूमिका हुने भएकोले यो सदनमा बस्ने सबै माननीयज्यूहरुको भूमिका रहन्छ र यो सदन प्रति सरकार एकदमै गम्भिर छ सदनले उठाएको कुरालाई कार्यान्वयन गर्नमा सरकार एकदम तयार छ र त्यो अनुसार नै हामी अगाडि बढ्छम र यति कुरा राख्न चाहान्छु र अन्तमा म के आग्रह गर्न चाहान्छु भने हामीले जे कुरा गर्ने उद्देश्यको साथमा हामी छलफलमा, डिभेडमा बसेका छौ त्यो उद्देश्यलाई पुरा गर्नका लागि हामी सबै तयार हौ, सबै मिलेर जऔ, सबै एकमत भएर जाऔ जे जहा हाम्रा कुरा मिल्दैन त्यहा फेरी बसेर छलफल गरौ, त्यहा बसेर एउटा टुंगोमा पुगौर फेरी अगाडि बढौ र यहि हुदो रहेछ दुनियामा के हुदो रहेछ भने जहा जहा सम्म चल्न सकिन्छ मिलेर जाने जहा अवरोध आउछन त्यहा फेरी बस्ने, छलफल गर्ने, कुराकानी गर्ने, टुंग्याउने र यसरी जाऔ भनेर एउटा सहमतिमा पुकाएर अगाडि जाने र फेरी अगाडि बढ्दै जाने क्रममा फेरी समस्या आउन सछन फेर समस्या भन्ने कुरा अहिले समाधान भएर त्यसपछि समस्यायि आउदैन त्यस पछि कुरै आउदैन त्यसपछि हामीसँग भनौ न हमेसा मिलेर जान सकिन्छ भन्ने कुरा नहुदो रहेछ त्यो समय सापेक्षता, एजेण्डा र यो एउटा बाहिरी भित्री माहोल सबै चिजले गर्दा खेरि पनि चल्दै जाने छलफल गर्दै जाने हामी अगाडि बढ्दै जाने कुरा नै मुख्य कुरा हो यसको लागि प्रदेश सरकार मैले चार वटा कुरा भन्न चाहान्छु । एउटा कुरा प्रदेश सरकारले ल्याएको बजेटलाई आगामी दिनमा कार्यान्वयन

गर्नको लागि त्यसलाई व्यवस्थित रुपबाट अगाडि लैजानको लागि योजना बैंकमा रहेका कुराहरु जुन योजनाहरु छन् त्यसको अध्ययन सहित त्यसलाई कार्यान्वयन गर्नको लागि प्रदेश सरकार एकदमै तयार छ । एउटा कुरा दोस्रो कुरा के हो भने यो बजेट कार्यान्वयन गर्दै गर्दा खेरि भएका हुने आसंकित भएका कुराहरु अथवा भ्रष्टाचार हुने अथवा त्यहा हिनामिना हुने त्यस्ता प्रकारका कुनै आसंकाहरु छन् भने त्यलाई हेरिन्छ, बुझिन्छ, गलत छ भनेपछि त्यसलाई रोकिन्छ र राम्रो छ भने त्यसलाई स्पिडको साथ अगाडि बढाईन्छ यो कुरामा पनि हामी एकदमै प्रष्ट छौ र अर्को कुरा सँगसँगै हामीसँग रहेको प्राकृतिक स्रोतहरुको अध्ययन गर्ने कुरा, त्यसलाई नीतिगत रुपबाट योजना बनाएर कार्यान्वयन गर्ने कुरामा चाहे त्यो कृषिमा होस, चाहे त्यो पर्यटनमा होस, चाहे त्यो जलस्रोतमा होस यो कुरामा प्रदेश सरकार एकदम प्रष्ट छ र जडिबुटिको कुरा होस स्वास्थ्य शिक्षा सबैको कुरामा हामी एकदमै त्यसमा योजनाबद्ध रुपबाट बजेटमा पनि याएका छौ र त्यसमा अगाडि बढ्न तयार छौ र यो सँगसँगै राष्ट्रिय गौरवका योजनाहरु संचालित रहेका गौरवका योजनाहरुलाई प्रभावकारी कार्यान्वयनका लागि र नयाँ योजनाहरु अगाडि बढाउनका लागि प्रदेश सरकारले पटक पटक निर्णय गरेर पनि पठाएको छ  अब यसमा सबै हामीले त्योलाई अझ थप योजना राष्ट्रिय गौरवका योजनालाई प्रदेश सरकारमा संचालन गर्नका लागि संघीय सरकारसँग समन्वय गर्ने कुरा र मैले भन्दै आएको कुरा के हो भने आषाढमा हुने बजेट खर्चलाई अन्त्य गर्नको लागि हामी सबै लागौ र यो बर्षको बजेट जेष्ठ भित्रै छुट्टीएको बजेट योजनामा छुट्टीएको बजेट जेष्ठ भित्रै सिध्याउने गरेर त्यो स्पीडमा हामी अगाडि बढौ प्रदेश सरकार त्यो योजना बनाएर अगाडि बढ्न तयार छ र बढी पनि राखेका छौ र त्यो अनुसारको एउटा परिणाम देखाउनका लागि हामी अगाडि बढेका छौ र बढ्दै जाने, सिक्दै जाने, मिलाउदै जाने र हामीले यो प्रदेशलाई समृद्धिको बाटोमा अगाडि बढाउदै जाने हाम्रो मुल लक्ष्य छ र यो लक्ष्यमा सबैलाई सत्तापक्ष मात्रै नभएर प्रतिपक्षलाई पनि लिएर जाने प्रदेश सरकार एकदमै प्रतिवद्ध छ यो कुरालाई म यहा राख्न चाहान्छु । हवस त धन्यवाद ।

**माननीय रण वहादुर रावल** :-  माननीय सभामुख महोदय, सम्पूर्ण गरिमामय सभामा उपस्थित भएका मुख्यमन्त्री लगायत माननीय सदस्यज्यूहरु आज यो लामो २१ पश्चात फेरी हामी यो रोस्टममा उभिएका छौ । म यस प्रदेश सरकारका माननीय मुख्यमन्त्रीजीले धेरै कुराहरु भनेर जानु भा छ । प्रदेशको समृद्धि, उन्नती र प्रगतिको सन्दर्भमा यसलाई कसरी साझा बनाउने सन्दर्भमा उहाले धेरै ब्याख्या र विश्लेषण गर्नुभा छ । म त्यतातिर जादिन माननीय सभामुख महोदय, हरेक जडको हरेक समस्याको समाधान बार्ता नै हो हामी लोकतन्त्रवादी शक्तिहरु जतिसुकै अप्ठ्यारो परिस्थितिमा पनि हामी बार्ता नै एउटा प्रमुख आधार भएको यहाहरु समक्ष अनुरोध गर्न चाहान्छु र यसै सन्दर्भमा जे जति यो बहसको दौरानमा, छलफलको दौरानमा यो आर्थिक बर्ष २०७६।०७७ को बजेट तथा कार्यक्रम तथा रातो किताबको सन्दर्भ देखि लिएर यावत कुराहरुमा जति पनि हामी कुराहरु गर्यौ, छलफल गर्यौ त्यसको लागि विशेष गरि म नेपाली कांग्रेस संसदीय दलका साथिहरुलाई म धन्यवाद दिन चाहान्छु । रा.ज.पा. संसदीय दलका साथिहरुलाई पनि माननीय

साथिहरुलाई धन्यवाद दिन चाहान्छु । साथै अन्य सभासदज्यूहरुलाई र पत्रकार साथिहरुलाई र सिंगो सदनलाई पनि म विशेष गरि धन्यवाद दिन चाहान्छु । अब यसै सन्दर्भमा माननीय सभामुख महोदय, यो आर्थिक बर्ष ०७६।०७७ को जो बजेट तथा कार्यक्रम बास्तवमा तेस्रो आर्थिक बर्षको भन्ने पनि हुन्छ ०७४।०७५ को अल्पकालिन बजेट ०७५।०७६ को यो पूर्णकालिन बजेट र अहिले आउन लागेको राखिएको जो ०७६।०७७ को पूर्णकालिन बजेटको सन्दर्भमा विगतको अनुभवको सन्दर्भ जोड्दा धेरै कुराहरु माननीय मुख्यमन्त्रीजीले पनि भनिसक्नु भा छ । यो आषढे प्रविति जो कुनै सिमा नतोकेर यहाका योजनाका सन्दर्भ देखि लिएर वितरणमुखि जो भयो छरपट्ट भयो भन्ने सन्दर्भमा पनि उहाले जोडिसक्नु भा छ । यि सिकाईहरुबाट अब नया ढंगबाट अगाडि बढ्ने कुरा पनि राखिसक्नु भा छ त्यसैले हामीले राखेका थियौ कि अहिलेको ०७६।०७७ को बजेट यो सुशासन ऐन जो हामीले पास गर्यौ त्यस विपरित पनि छ र विधिसम्वत भा छैन बहुतै असन्तुलित छ र अपारदर्शि पनि छ र परिणाममुखि हुदैन भनेका पनि हौ । साना साना बजेट हजार देखि लिएर तमाम पाच हजार देखि लिएर बजेटहरु यसरी राखिनु यो कतै पनि विधि मिल्दैन प्रदेश सरकारको स्थानीय सरकारले पनि यति सानो बजेट ल्याउदैन भनेकै हौ र यो आसेपासेमैत्री भो यो साझा भएन भनेकै हौ त्यसैले यसै सन्दर्भमा पनि यि प्रवितिहरुलाई पनि निरुत्साहित गर्दै अगाडि बढ्नु हाम्रो कर्तव्य हो । अर्को यो सुदूरपश्चिम सब भन्दा बढी नेपाल मै गौरव गर्न लायक एउटा स्रोत प्राकृतिक स्रोत भए पनि जलस्रोत नै हो यहा तमाम झण्डै झण्डै एक तिहाई भन्दा बढी हुन सक्ने सम्भावनाहरु छन् । विगतका दुई दुई वटा योजनाहरु हुदा त्यसमा त्यति खासै एड्रेस गर्न सकिएन कमसेकम जगको रुपमा यसपालि सुरुवाद गरियोस पशिचम सेती जलस्रोत आयोजनालाई राष्ट्रिय गौरवको आयोजना भनेर सदनबाट संकल्प प्रस्ताव ल्याएर यो अगाडि बढाउनै पर्छ भनेर हामीले राखेकै हौ अझ पनि राखेका छौ त्यस सन्दर्भमा हाम्रो बहसको सन्दर्भमा पनि माननीय मुख्यमन्त्रीजीले केहि कुरा राखि सक्नु भा छ । यो सुदूरपश्चिमको सिंगो उन्नती, प्रगतिलाई टेवा दिने कुराहरु त्यस्तै अर्को कुराहरु प्रष्ट रुपले हामीले कुरा राख्यौ कुरा बढायौ यो कुरा राष्ट्रिय गौरवका योजनाहरु विशेष गरेर संचालित भएका योजनाहरु पनि छन् । ठिक छ यसको स्वामित्वमा यसको निरिक्षण, यसको अनुगमन हरेक कुरामा संघीय सरकारको होला तर रानीजमरा कुलरिया पनि यहि भित्रै छ सुदूरपश्चिम भित्रै छ । दोदोरा चादनी बन्दरगाहा ड्राइपोर्ट छ त्यो पनि यहि भित्रै छ । मध्यपहाडि लोकमार्ग पनि यहि सुदूरपश्चिम भित्रै छ । टिङ्कर सडक लगायत खुटिया, द्रुतमार्ग पनि यहि भित्रै छ । सेती लोकमार्ग पनि यहि छ । त यि लगायतका योजनाहरुलाई साच्चिकै हिसाबले अब जुन समन्वय गरेर अगाडि बढ्ने र यहाबाट यो जसरी पन यो सरकारले कटिवद्धता देखाएर संघलाई पनि त्यो अनुसार कार्यान्वयन गर्नु अहिलेको बहुतै आवश्यकता हामीले औल्याएका हौ । माननीय सभामुख महोदय, यि संघीय अथवा केन्द्रीय गौरवका योजनाहरुका सन्दर्भमा भए त्यस पछि हामीले भन्यौ कि यो प्रदेशको तेस्रो बजेट आर्थिक बर्ष आउदा केहि कुराहरु उल्लेख गरिए तर बजेट आउदा ठोस रुपमा यो गौरवको प्रदेशका योजना भनेर आउन नसक्नु यो निकै ठुलो कमी कमजोरी हो । जस्तो प्रदेशका गौरवका आयोजनाहरुलाई लिपिवद्ध हिसाबले विशेष गरि यो सरकारले जिम्मेवारीपूर्ण र साच्चीकै गौरव यो

प्रदेशलाई अनुभुति हुने खालका र यहाको जनताले कमसेकम यो प्रदेश सरकार आए पछि केहि गर्न खोजेको छ भन्ने अनुभुति दिलाउनु आवश्यकता छ त्यहि सन्दर्भमा माननीय सभामुख महोदय केहि कुराहरु यहा सरसरती राख्न चाहान्छु । जुन कुराहरु हामीले राखिसकेका पनि छौ । जस्तो हामीले सुदूरपश्चिमका महत्वपूर्ण गौरवका योजनाहरुको सन्दर्भमा हामीले लुकाउनु छैन यहि गरिमामय सदन हो जहा हामीले हरेक कुराहरु प्रष्ट रुपले राख्नुपर्छ । जुन महाकाली सडकलाई माथि टिङ्कर देखि माथि राष्ट्रिय गौरवको भन्या छ तल कोरिडोरको सन्दर्भमा यसले सुदूरपश्चिम सरकारले महत्वपूर्ण ढंगले यो गरिमामय सदनलाई विश्वासमा लिएर अगाडि बढाउनु अत्यावश्यक देखिन्छ । त्यसै गरि यो धनगढी खुटिया १० किलोमिटर कालोपत्रे जसको लागि पैतीस करोडको डिपिआर पनि बनिसकेको छ । त्यसपछिको खुटिया र दिपायल फास्ट ट्राकको माथि बढाउने कुराको अघि गौरवको योजनामा परिहाले यो सरकारले अर्को महत्वपूर्ण कुरा महाकालीको विशेष गरि दैजी जोगबुडा सडक जो केवल ३२ किलोमिटर मात्र छ त्यसको पनि डिपिआर करिब करिब भैसकेको छ । त्यसमा चाहि यो गौरवको योजनामा राख्न सक्नुपर्छ र हाम्रो विशेष माग पनि यो छ । त्यसपछि खकरौला लम्की सडक निर्माण सन्दर्भमा २७.५ किलोमिटर कालोपत्रे विशेष गरि त्यसको केहि अंसको डिपिआर भैसकेको हुनाले त्यो सेती मार्ग सँग पछि माथि जोडिन्छ लोकमार्ग सँग त्यसलाई यथाशिघ्र कसरी हुन्छ गौरवको योजनामा राख्नुपर्छ भन्ने कुराहरु त्यसपछि अर्को छ कर्णाली करिडोर जो चिसापानी हुदै कर्णालीको छेवइछेउ हुदै त्यसले पर्यटकिय कुराहरु बढाउने भएको हुनाले यो सरकारले यथाशिघ्र यसलाई चाहि प्राथमिकताका साथ गौरवको योजनामा राख्नुपर्छ जसको माथि हिल्सा सम्म पुग्ने सम्भावना छ यसको यसमा संघीय सरकारसँग पनि समन्वय गर्नुपर्ने छ । अर्को विशेष गरि सुदूरपश्चिमको महत्वपूर्ण पाटो के हो भने एकातिर धार्मिक पर्यटनको हिसाबले छ भने अर्को प्राकृतिक हिसाबले पनि त्यतिकै महत्वपूर्ण छ । खप्तड रिङरोड निर्माण खप्तडलाई हामीले विगतमा बनाउने भन्यौ त्यो कहासम्म पुग्यो अहिले सम्म प्रष्ट छैन तर अहिले कमसेकम चारै जिल्ला छुनेगरि रिङरोड निर्माणको यो गौरवको योजनाको रुपमा स्थापित गर्नुपर्छ भन्ने हाम्रो जोडदार मागका साथ सरकारले पनि माग्ने कुरामा अगाडि बढेकै छ । त्यसपछि हेरौ ७ नं.मा हाम्रो धनगढी, गेटा क्षेत्रीय विमानस्थल विमानस्थल भन्ना साथै हामीलाई लाग्छ कि केवल त्यसले चौतर्फि आयामहरु खोलिदिन्छ । पर्यटकिय आयामहरु, औद्योगिक आयामहरु यावत जनजिविकाका आयामहरु र सुखसुविधा दिने आयामहरु त्यस कारणले गर्दा धनगढी, गेटा क्षेत्रिय विमानस्थलको हवको रुपमा यसलाई स्थापना गर्न यो प्रदेशकै गौरवको योजना संघ सँग लडेर भएपनि यसले लिनुपर्छ होईन भने केवल संघको नाममा बस्ने संघले चाहि यसलाई सौतेलोको बच्चा हो भन्या जस्तो छोड्ने स्थिति देखिदै छ । त्यस कारण चाहि यसको स्तर बढाउदा अन्तराष्ट्रियस्तरको हुनुपर्छ । जसको लागि जग्गा प्राप्तीका लागि सय विगाहा, डेडसय विगाहा त्यसपछि डिपिआर अन्तराष्ट्रियस्तरको संचालन हुने हिसाबको क्षेत्रिय हव बनाउने कुरा त्यसपछि ख मा आएर प्रदेशभित्रका महत्वपूर्ण योजनाहरु जस्तो विमानस्थलहरु जस्तो कंचनपुरको त्यहाको जनताहरुले बारम्बार उपठाएका छन् आवाज, टिकापुरका जनताहरुले बारम्बार उठाएका छन् आवाज, कमलबजार, अछामका जनताहरुले उठाएका छन् त्यसलाई

कालोपत्रे बनाउने साथै डडेल्धुराको एयरपोर्टलाई डिपिआर बनाउने सन्दर्भमा पनि यो गौरवको योजनामा राखिनु पर्छ भन्ने सन्दर्भमा उठाएको । अर्को कृषि सम्बन्धीको प्राथमिकता यो सरकारले दिएको योजनामा भनिएको छ आर्थिक बर्षमा तर कसरी योजनामा प्राथमिकता हुन्छ । जबसम्म मल अहिले समयमा रासायनिक मलको बहुतै गम्भिर असारको बेला अहिले सम्म मल पाएको छैन किसानहरु भौतारिएका छन् । त्यस कारण त्यस सन्दर्भमा एक नम्बरमा कसरी व्यवस्थापन गर्ने सन्दर्भमा यसलाई पनि महत्वपूर्ण हिसाबले योजना नभए पनि प्रदेश सरकारले लिनु पर्छ त्योलाई बल पुग्ने गरि जब जैवीक मल उद्योग स्थापना नहुन्जेल सम्म यो रासायनिक मलको व्यवस्थापन यथाशिघ्र हुनुपर्ने सन्दर्भमा यो हामीले राखेका छौ । त्यसपछि आएर एउटा के छ भन्दा खेरि दक्षिण, उत्तरदक्षिणको बाटो जोडिसकेपश्चात उरैलेक यो बझाङमा पर्छ । टिङ्कर दार्चुलामा पर्छ । यो नेपाल चिन बीचका सीमानाहरु हुन । यि हाम्रा नाकाहरु हुन यसको लागि चाहि वृहतरुपमा गुरुयोजना बनाएर अगाडि बढ्नुपर्छ यो चाहि प्रदेशको गौरवको योजनामा स्थापित गर्नुपर्ने अहिलेको टट्कारो छ । त्यस्तै गरेर तलतिर आएर बोर्डरमा गौरीफण्टा, गड्डाचौकी र खकरौला नेपाल भारतको नाकाहरुको सिम्पलस्तरोन्नती त्यसको विस्तृत हिसाबले यो योजना बनाएर अगाडि बढ्नमा प्रदेशमा राखिनु पर्छ भन्ने हाम्रो गहन हो अर्को त्यसपछि आयो महत्वपूर्ण योजना डोटी जोरायलको छहराहरु विशेष गरि डोटी जोरायको छहरालाई विशेष गरि पर्यटकिय गुरुयोजना बनाई कार्यान्वयन गर्नुपर्ने किन भने पर्यटकिय हिसाबले एकातिर धार्मिम पर्यटकिय हिसाबले जसरी महत्व छ सुदूरपश्चिममा साथसाथै अरु हिसाबले पनि महत्व भएकोले यसलाई पनि गौरवको योजनामा अर्को तराई कैलाली र कंचनपुर भनेको विशेष गरि यहाका जनजातिहरु थारुहरु यहाका राना थारुहरु देखि लिएर बाहुल्य भएको हुनाले त्यसमा एउटा नमुनाका लागि एउटा प्रदेश योजनाको रुपमा होमस्टे विशेष गरि मुनुवा र जोशिपुर क्षेत्रभित्र वृहत डिपिआर बनाई कार्यान्वयन गर्न डगौरा थारु, कठरिया थारु, राना देसवारी थारुहरुको बाहुल्यता भएको क्षेत्रमा शुरुवात गरियोस न गौरव यहाका जनजातिले महसुस गर्न सकुस ए हाम्रो लागि पनि केहि गर्यो अर्को राना जातिहरुको बहुतै बाहुल्य भएको कंचनपुर पनि छ अनि त्यसपछि कैलाली पनि छ त्यसलाई केवल पैसा चाहिदैन एउटा महत्वपूर्ण सुचिकृत गरिएको छैन त्यो सूचिकृत कसरी गर्ने त्यो गर्नलाई पैसा लाग्ने त होईन नि एउटा ईच्छाशक्ति नै सरकारले देखाए पुग्छ त्यसको लागि गरोस भन्ने छ अर्को त्यसपछि गएर महत्वपूर्ण कुरा सुदूरपश्चिम प्रदेश अर्न्तगतका अस्पतालहरुको सन्दर्भमा आज यहि प्रदेशको प्रदेश प्रमुख विरामी हुदा यो सरकारले सदासिता देखाएर बचाएको त छ त्यसको लागि म धन्यवाद दिन चाहान्छु प्रदेश सरकारलाई तर एकरात पनि राख्न सक्नेस्थिति यो प्रदेश सरकारको अस्पतालमा छैनन प्रदेश भित्रका यो दयनिय अवस्था किन आई राछ आज दुईदुईवटा योजनाहरु सम्पन्न हुने स्थितिमा त्यसकारण चाहि कमसेकम तीनको स्तर कसरी वृद्धि गर्ने सेती अंचल अस्पतालको कुराहरु देखि लिएर होस, महाकाली अस्पतालका कुरा किन नहोस, टिकापुर अस्पताल देखि कुरा किन नहोस, डडेल्धुरा अस्पतालको कुरा किन नहोस, डोटी अस्पतालको कुरा किन नहोस, अछाम अस्पतालको कुरा किन नहोस, बाजुरा अस्पतालको कुरा किन नहोस, बझाङ्ग अस्पतालको कुरा किन नहोस, दार्चुला, वैतडि अस्पतालहरुको विस्तृत त्यसको

सिचुयसन एनालाईसिस, त्यसको परिधि कहाछन् र के गरिराखे सदृढ हुन सक्छन केवल पैसा हालेर हुने भए त धेरैले हाल्न सक्छन् त्यो अध्ययन गरि सुविधासम्पन्न बनाउने तर्फ यो सरकार अगाडि बढ्नु अति आवश्यक देखिन्छ । अब यहि सन्दर्भमा यि कुराहरु त जोडे अब म अब यसपछि एउटा कुरा महत्वपूर्ण पाचौ नम्बरमा हामीले राखेका थियौ सब भन्दा ठुलो चाहि सदन हो यो सिंगो सदनलाई अघि माननीय मुख्यमन्त्रीजीले पनि भन्नु त भो भनाई र गराईमा मलाई थाहा छैन तर विश्वास गर्नुपर्छ मुख्यमन्त्री भनेको यो प्रदेशको प्रमुख व्यक्तित्व हो उहाले सिंगो सदनलाई जसरी विश्वासमा लिनुपर्छ हामीले भन्यौ यो सिंगो सदनलाई विश्वासमा लिनसक्नु भा छैन यो सरकारले त्यस कारण चाहि यहाका योजना, कार्यक्रममा विशेष गरेर जतिपनि सभासदज्यूहरु हुनुहुन्छ यो प्रतिपक्षको मात्र होईन, सत्तापक्ष मात्र होईन समग्र रुपमा एउटा के हो भनेपछि यो सदनमा आएका जति हामी पहिलो नं.मा विधेयक कानून हामी बनाउने हो त्यसमा विवादै छैन त्यसपछि हामी विकासे माननीय पनि हौ हामी लाज मान्दैनौ यसमा त्यस कारण हरेक चुनावमा जादा गाउँघरमा जादा भनेका छौ हामीले तपाईहरुलाई कहि अप्ठ्यारो पर्यो जनताहरुले भनेका छन् तपाईहरु माननीय बन्नु भो भने हामीलाई कमसेकम जीवन बचाउने प्राण धान्य पानिको योजना त दिनुस हामीले सानो सानो सर्पदंसले मर्छन सर्पदंस हुदा खेरिको एउटा सानो सानो सर्पदंसबाट बच्ने एउटा सानो अस्पताल त दिनुस हामीले गर्छु पनि भनेका छौ हामी लाज मान्दैनौ तर सिंगो सदनलाई सम्मान हुने हिसाबले जुन हिसाबले ल्याउनुपर्थ्यो नल्याएको हुदा हामीले भन्यौ कि यो आउदो यो आर्थिक बर्ष ०७६।०७७ बाट कार्यान्वयन गर्नुपर्छ सिंगो सदनलाई र सम्मानजनक हिसाबले चाहि माननीय सभासदज्यूहरुले राखेका जुन जनपक्षिय राम्रा योजनाहरुलाई समावेश यसैबाट गर्नुपर्छ पनि भनेका थियौ । त्यसपछि अर्को विधि र अवलम्बनको कुरा सन्दर्भमा पनि कुरा धेरै उठ्या छ । सबभन्दा जति राम्रा कुराहरु गरेपनि जति हामीले सुन्दर योजनाहरु बनायौ, ठोस योजना बनायौ त्यलाई कार्यान्वयन गर्ने सर्न्दभमा त्यो योजनाहरु छनौट गर्ने सन्दर्भमा, योजनालाई छनौट गरेपछि त्यसलाई प्राथमिकरण गर्ने सन्दर्भ होस त्यसलाई भोली गएर कार्यान्वयन गर्ने सन्दर्भ किन नहोस अनुगमन गर्ने सन्दर्भ किन नहोस योजनाको विधि र पद्धती अनुसार योजनाहरु बनाईन्छ त्यो योजना बनाईदा अहिलेको अनुभुति यो केवल हाम्रो प्रतिपक्षको सांसदको मात्र नभएर अहिलेको अनुभुति के भा छ भने जति पनि योजनाहरु छन् धेरै जसो योजनाहरु सबै त भन्न सक्दैनौ धेरै योजनाहरु हामीसँग प्रमाण समेत छन् योजनाहरु कोहि झ्यालबाट, कोहि विशेष व्यक्तित्वहरुबाट, केहि कमिसनै लिएर यावत कुराहरुमा भएको कुराहरुलाई हामीले प्रष्ट रुपले हामीले कुरा राखेका छौ । त्यस कारण चाहि जो हिसाब जसको कारणले आज साना साना योजना देखि लिएर यि जुन हिसाब अनियमित तरिकाले आएका योजनाहरु छन् ती योजनाहरुले गर्दा आर्थिक अनुशासनमा ठुलो प्रश्न उठेको छ । आज भ्रष्टाचारयुक्त प्रदेशको रुपमा झण्डै झण्डै दर्ज हुनेस्थितिमा पुगको छ । यो स्थिति आउनु कति तलको स्थिति छ । त्यस कारण चाहि यसलाई कायम गर्नको लागि यथाशक्य यो सरकारले तुरुन्तै त्यस्ता योजनाहरुलाई हामीले पहिचान गर्नुपर्छ आखिर कति छौ ५३ जना त छौ कि सबैलाई थाहा छैन कहा कस्ता योजनाहरु आए भनेर त्यस कारण चाहि यस सन्दर्भमा माननीय मुख्यमन्त्रीज्यूले

त भन्नु भो बहुतै गम्भिर तरिकाले पनि भन्नु भा छ यसलाई चाहि साहेद कार्यान्वयनमा पनि बढ्नुहुनेछ भन्ने विश्वास लिएको छु र अर्को अन्तमा यहि अहिलेको समग्रस्थितिमा हेर्दा अहिले हामीले एउटा कुरा के छ भन्दा खेरि अहिले कतिपय व्यक्तिलाई अप्ठ्यारो पनि पर्ला अहिले भौतिक पूर्वाधार मन्त्रालय अर्न्तगत र केहि अन्य मन्त्रालय अर्न्तगत पनि हामीले गम्भिर हिसाबले प्रश्नहरु उठाएका छौ । यो जनगुनासो हाम्रो मात्र होईन सिंगो प्रदेश भित्रका हरेक विकास जतिपनि सांसदहरुका ठाउँहरुबाट आएका कुराहरु छन्, कोहि प्रमाण सहित छन् कोहि के छन् त्यस कारण हामी यसलाई चाहि सकभर माननीय मुख्यमन्त्रीजी र यो सरकारले यथाशक्य पूर्वाधार भित्र भएको जो एउटा किसिमको झण्डै झण्डै भ्रष्टाचारको जालो नै यो संस्थागत रुपमा विकास हुन खोजिएको छ त्यस सन्र्दभमा विशेष संसदीय दलको यस गरिमामय संसदभित्र उहाले त भन्नु पनि भा छ त्यलाई मृत रुप दिईयोस सर्वपक्षिय टोली बनाएर ठाउँठाउँमा गरियोस त्यसको अध्ययन गरियोस र त्यहि अनुसार निरक्योल पनि गरियोस केवल अध्ययन मात्र गर्ने होईन यि कुराहरु उठेका छन् त्यसैले म माननीय सभामुख महोदय यि सम्पूर्ण कुराहरुको सन्दर्भमा हामीले विगत लामो समय देखि सरकार समक्ष बारम्बार सात सात पटक वैठक बसेका छौ धेरै कुराहरुमा सहमति, सहकार्य गरेका छौ त्यस कारण एउटै कुरा के छ भने यसलाई सबैले साझा रुपमा कसरी गर्ने, परिणाममुखि कसरी गर्ने, यो कनिकाछाराईलाई व्यवस्थित गर्ने सन्दर्भ देखि यसको समय भित्र नै योजनाहरु कार्यान्वयन गर्ने कुराहरुमा सन्दर्भ किन नहोस यसको कमसेकम परिमार्जित र यसलाई प्राविधिक त्रुटिहरु सच्याउने कुरा देखि किन नहोस सबै कुराहरुमा चाहि सरकारले गम्भिर भएर आफुले प्रतिवद्धता विशेष गरि माननीय मुख्यमन्त्रीजीबाट धेरै घुमाई फिराई जहाबाट पनि उहाले भन्नु भा छ म त्यसको लागि धन्यवाद दिन चाहान्छु । धन्यवाद तब मात्र दिनेवाला छु जब यसलाई कार्यान्वयनको सन्दर्भमा फेरी हिसाब किताब गर्नुपर्ने स्थिति आयो भने हामीले विगतका गरेको भन्दा यो सरकारले यो सोचे हुन्छ हामी यहा सांसद भएर केवल भत्ता पचाउन आएका छैनौ कतै पनि छैनौ हामी जुनसुकै हालतको पनि यो सरकारलाई र सिंगो प्रदेश यो सुदूरपश्चिम प्रदेशलाई यहाका जनताका पक्षमा, यहाका जनताको सिर नझुकाउने किसिमले यहाको सिंगो संसदहरुलाई पनि सम्मान हुने हिसाबले त्यसको लागि हामी जुनसुकै हिसाबको पनि एउटा आन्दोलन भन्नुस, या अवेज्ञा भन्नुस त्यो पनि गर्न तयार छौ त्यसैले मलाई लाग्छ बार्ताबाट जुन हिसाबले हामीहरु समन्वयमा, सहमतिमा आएका छौ तिनिहरुलाई कमसेकम अक्षरस पालना होस र सिंगो सदनलाई सम्मान होस यति भन्दै जुन हिसाबले अगाडि बढेका छौ यसमा सहयोग गर्नुहुने सम्पूर्ण साथिहरुले पनि निकै बहसका साथ यो योजनालाई निकै बहसका साथ केलाई केलाई हामीलाई सहयोग गर्नुभा छ यो चौथो अंगलाई पनि धन्यवाद दिदै सम्पूर्ण साथिहरुलाई धन्यवाद दिदै माननीय सभामुखज्यूले पनि धेरै मेहनत गर्नुभा छ त्यसको लागि पनि धन्यवाद दिदै म विदा हुन्छु । धन्यवाद नमस्कार ।

(**बोली सकेपछि** )

**४. माननीय सदस्यहरु,**

आजको विशेष समय यही समाप्त हुन्छ ।

५. **माननीय सदस्यहरु,**

अब म आर्थिक मामिला तथा योजना मन्त्री माननीय झपट बहादुर बोहरालाई प्रदेश सभा नियमावली, २०७४ को नियम १३० को उपनियम (३) र (२) बमोजिम प्रदेश सरकारको आर्थिक बर्ष २०७६।०७७ को बार्षिक राजश्व र व्ययको अनुमान (बजेट) का सम्बन्धमा संक्षिप्त वक्तव्य सहित आ.व.२०७६।०७७ को बार्षिक राजश्व र व्ययको अनुमान (बजेट) माथि सभामा सामान्य छलफल गरियोस भनि प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

**आर्थिक मामिला तथा योजना मन्त्री माननीय झपट बहादुर बोहरा** :- माननीय सभामुख महोदय, मेरो मन्त्रालयको आग्रहमा यहाले विशेष समय उपलब्ध गराई दिनु भएकोमा हार्दिक आभार व्यक्त गर्न चाहान्छु । सर्वप्रथम एउटा कुरा माननीय सभामुख मार्फत यस गरिमामय संसदमा प्रस्तुत गर्ने अनुमति चाहान्छु । विगत केहि दिन अघि अछाम जिल्लाको बान्नेगडि गाउँपालिकामा मित्रराष्ट्र भारतका हतियारधारी सुरक्षाकर्मि एकजना त्यहाको स्थानीयलाई पक्रनको लागि त्यो क्षेत्रमा प्रवेश गरे नेपाली जनताको सार्वभौम सत्तालाई मित्रराष्ट्र भारतले मान्यता र त्यसलाई सम्मान गर्नुपर्दछ भन्ने हाम्रो मान्यता रहेको छ । कुनै पनि देशका सुरक्षाकर्मिले कुटनैतिक पहलवीना गैरजिम्मेवारी तरिकाले अर्काको प्रदेशमा गएर समात्न पाउने, पक्रन पाउने, धरपकड गर्ने यो अधिकार अन्तराष्ट्रिय मान्यतामा पर्दैन म त्यसको घोर भ्रसना गर्न चाहान्छु । त्यतिखेरै तत्कालिन अवस्थामा ने.क.पा.का स्रदय नेता उपप्रधानमन्त्री तथा गृहमन्त्री र हाम्रा पार्टिका संयोजक कमरेड भिम रावल अछाम जिल्लामा नै हुनुहुन्थ्यो उहाको पहलमा ती मित्रराष्ट्र भारतका प्रहरीहरु समातिय र उहालाई कानूनको दायरामा ल्याईयो म कमरेड भिम रावललाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहान्छु यस कार्यका लागि अब म विषयबस्तुमा प्रवेश गर्ने माननीय सभामुख समक्ष अनुरोध गर्न चाहान्छु । लोकतन्त्रमा राय, सल्लाहा, विरोध रचनात्मक तरिकाले सरकारलाई अघि बढाउने यो अमुल्य गहना हो हामीले सरकारमा बसेका हुनेले विरोध किन गर्यो भनेर भन्नै हुदैन किन भने सरकारले केहि काहि तलमाथि पर्छ कि भनेर राईटट्राकमा रचनात्मक सुझावलाई दिएर यो प्रदेशको उन्नती र प्रगतिको लागि उहाको खबरदारी हाम्रो उच्च सम्मानमा परेको छ म माननीय सभामुख मार्फत भन्न चाहान्छु । यहा केहि कुराहरु आएका छन् । कतिपय अवस्थामा बजेटको रातो किताबमा एक हजार पनि परे, पाच हजार पनि परे, दश पचासहजार पनि परे भनेर कुरा आएका छन् आजको दिन पछि यो संसदमा बहस पनि हुन्छ विभिन्न विषयमा त्यो बहस हुनुभन्दा अगाडि अर्थमन्त्रीको हैसियतले मैले पुष्ट्याई गर्न जरुरी ठानेकोले माननीय सभामुख मार्फत पुस्ट्याई गर्ने अनुमति चाहान्छु । यसरी रातो किताबमा पर्दा कतिपय प्राविधिक त्रुटिहरु हुन्छन, कतिपय मानवीय त्रुटि हुन्छन् र कतिपय अवस्थामा ती जानिर पनि राखिएका हुन्छन यहाहरुलाई थाहा

छ । मानवीय त्रुटि र प्राविधिक त्रुटि सामान्य कुरा हो यो जानेर पनि किन पनि राखिन्छन भन्ने कुरा हुन सक्छ यो के छ भने संघीय सरकारले दिने ससस्त्र अनुदान र प्रदेशमा त्यसको शिर्षक हुदैन भोली रकमान्तर गर्यो भने नयाँ शिर्षक खडा गर्न सकिदैन त्यसैले सानो रकम कहिले काहि राख्ने पनि गरिएको हुन्छ । दोस्रो कुरा म एक हजारको कुरा भन्दैन यो प्राविधिक त्रुटि हो यो पाच हजार, दश हजार, बीस हजार, पचास हजार रुपैया जो छ त्यो के हो भने कुनै योजना गत बर्ष या यो आर्थिक बर्ष ०७५।०७६ मा पाच लाखमा टेण्डर लागेको या विस लाखमा टेण्डर लागेको थियो त्यसको काम यो बर्षमा १९ लाख ८० हजार भैसक्यो आगामी बर्षमा उहिलाई २० हजार भुक्तानी दिनुछ अनि त्यो २० हजारको योजना रह भनेर भन्न मिल्ला र यसको प्राविधिक कुरा पनि हामीले ख्याल गर्नुपर्ने हुन्छ । तेस्रो कुरा के छ भने पहिला सुत्र भन्ने सफ्टवेयर थियो बजेट बनाउदा खेरि त्यो अलि सजिलो थियो धेरै पहिला संघीय सरकारले पनि संचालन गर्दै आई राखेको थियो अहिले यो बर्षबाट सातैवटा प्रदेशमा पिएलएमविएस भनेर नयाँ सफ्टवेयर ईन्टिालेसन भएको छ । ९९ प्रतिशत कर्मचारी यसमा पोक्त छैन स्वयम संघीय सरकार पनि पोक्त छैन हाम्रो प्रदेशले त पाच गते तपाईहरुलाई रातो किताब कार्यक्रम पुस्तीका तपाईहरुको हातमा पार्यो र कतिपय प्रदेशहरुले त १५, १६, १७, १८ गतेसम्म दिएको थिएन त्यतिबेलै फेरी बाघको कराउने र बाखाको हराउने भन्या जस्तै त्यहि कालखण्डमा हावाहुरीले गर्दा कैलालीमा व्यापक धनजनको क्षति पुगेको थियो त्यो व्यापक धनजनको क्षति भएको कारणले गर्दा खेरिमा एउटा प्रेस मात्र बाँकी बचेको थियो सबै प्रेसका छाना टिनहरु उडाएको थियो र प्राविधिक तरिकाले त्यो बजेटलाई छोटो समयमा सम्पादन गरेर प्रस्तुत गर्न सरकारलाई गम्भिर चुनौति पनि थियो हामीले यि चुनौतिका बावजुतमा पनि जे जस्तो सामान्य प्राविधिक त्रुटि भएता पनि समयमै रातो बुक तपाईहरुलाई दिने एथेष्ट प्रयास गरेका थियौ अब यसमा प्रश्न के रह्यो भने मैले सुनेको छु बजेटको आकार अलि ठुलो आउनु पर्थ्यो सानो आयो भन्ने कुराहरु पनि यदाकदा सुन्ने गरेको छु । हामीले प्राथमिक चरणमा तीस अरबको बजेट प्रदेश सरकार प्रस्तुत गर्ने जमर्को गर्दै छ तर संघीय सरकारबाट आउने ससत्र अनुदानको रकम जानकारी एथेष्ट रुपमा नभएको कारणले गर्दा खेरि गारो भएको छ र संघीय सरकारको बजेट र बजेटको कार्यक्रम पुस्तीका आईसकेपछि हामी त्यसमा बजेटको आकारमा छलफल गर्छु र बजेट दिन्छु भन्ने कुराहरु गरेका थियौ विगतको भन्दा ढाई अरब रुपैया संघीय सरकारले ससत्र अनुदान दिएको छ किन भन्नु हुन्छ भने संघीय सरकारले विगतमा सातै वटा प्रदेशलाई लगभग ६४ अरब रुपैया राखेको थियो ससत्र अनुदानमा यो बर्ष ४४ अरबमा झार्यो त्यो अनुपात झार्दा खेरिमा हामीलाई पनि कम आयो । स्वभाविक रुपमा यदि त्यो दुई ढाई अरब रुपैया हामीलाई आएको भए हाम्रो बजेट पनि तीस अरब भन्दा बढीको नै हुन सक्थ्यो त्यसैले हामीले बजेटको आकार

वानछिसिमा राखेका छौ अब यो वानछिसिमा भन्ने के होला भन्ने हामीलाई कौतुहलता पनि लाग्न सक्छ म यो पुस्ट्याई गर्ने अनुमति चाहान्छु । यो बजेट हामीले हाम्रो आन्तरिक राजश्वको तर्फबाट ८ अरब २६ करोड रुपैया संघीय सरकारबाट आउने पैसा हो । सामान्यीकरण अनुदानबाट ७ अरब ९५ करोड, राजश्व बाडफाडबाट ८ अरब ४ करोड, ससत्र अनुदानबाट ४ अरब ५५ करोड, समपुरक अनुदान हामीले १ अरब लिने अपेक्षा गरेका छौ विशेष अनुदान १ अरब लिने हामीले अपेक्षा गरेका छौ । यो बर्षको बचत ४ अरब ७८ करोड रुपैया रहने छ भन्ने हामीले अपेक्षा गरेका छौ र त्यो मिलाएर यो प्रदेशको बजेट २८ अरब १६ करोड २० लाख ३५ हजारको रहेको छ । अब तपाई भन्नु होला कि हामीलाई केहि कुरा लाग्न सक्छ माननीय सभामुख मार्फत भन्न चाहान्छु अरु प्रदेशको बजेट किन आयो त बढी हाम्रो कम किन आयो भन्ने कुरा मैले जरुरी ठानेको नाताले माननीय सभामुखको अनुमति लिएर भन्न चाहान्छु । यो अरु प्रदेशको बजेट हेर्ने हो भने मैले सातै वटा प्रदेशको बजेटको विश्लेषण गरेको छु । हाम्रो सबै भन्दा राजश्वको आधार कम रहेको छ । राजश्वको आधारको कुरा गर्ने हो भने सुदूरपश्चिममा ८२ करोड मात्रै राजश्व आफ्नो क्षेत्राधिकारभित्र पर्ने राजश्व हामी संकलन गर्न सक्छौ । यदि हाम्रो दाजोमा जाने हो भने प्रदेश नं.१ ले ३ अरब ८६ करोड रुपैया राजश्व संकलन गर्छ । प्रदेश नं.२ ले १३ अरब ५४ करोड गर्छ । प्रदेश ३ ले १५ अरब ४९ करोड रुपैया गर्छ र गण्डकी प्रदेशले ३ अरब २७ करोड रुपैया गर्छ र प्रदेश ५ ले ४ अरब ५९ करोड गर्छ भने कर्णाली प्रदेशले २५ करोड १० लाख मात्रै गर्छ हामी भन्दा पछि भएको कर्णाली प्रदेश मात्रै छ र हामीले ८२ करोड ३८ लाख राजश्व गर्छौ । हाम्रो तुलनात्मक रुपमा प्रदेशवाईज गर्ने हो भने गण्डकि प्रदेश सँग हुन्छ । बजेटको आकार, राजश्व बाडफाड, समानिकरण अनुदानको हिसाबले हेर्ने हो भने त्यसैले अब उहाहरुको बजेटको भोलम अलि बढी हुनुको कारण के छ भने प्रदेश नं.१ ले ६ अरब ६१ करोड रुपैया म खर्च गर्न सक्दैन भनेर त्यो बचतको रकम पनि बजेटमा जोडेको छ । २ नं. प्रदेशले ७ अरब ७० करोड रुपैया यो म खर्च गर्न सक्दैन मेरो फ्रज हुन्छ भनेर आगामी बर्षको बजेटमा जोडेका छन् । प्रदेश ३ ले ६ अरब ७५ करोड रुपैया म खर्च गर्न सक्दैन भनेर जोड्या छ । गण्डकी प्रदेशले ४ अरब ८० करोड रुपैया म खर्च गर्न सक्दैन भनेर जोडेको छ र ५ नं. प्रदेशले म ५ अरब रुपैया खर्च गर्न सक्दैन भनेर जोडेको छ र कर्णाली प्रदेशले ९ अरब रुपैया म खर्च गर्न सक्नेहैन है भनेर बजेटमा जोडेको छ । हामीले ४ अरब ७८ करोड मात्रै जोडेका छौ । सबै भन्दा बढ्ता खर्च गर्ने प्रदेश हामीहरुको प्रदेश हुन्छ र हाम्रो बचत रकम कम भएको छ । यसमा सम्मानीत संसदको गरिमा बढेको व्यहोरा म सहर्स माननीय सभामुख मार्फत निबेदन गर्न चाहान्छु । अर्को विषय बजेट बढ्नाको अरु प्रदेशमा विशेष गरेर गण्डकी प्रदेशको बजेटको कुरा जो छ यहा के छ भने गण्डकी प्रदेशको बजेटले म ६ अरब रुपैया संघीय सरकारबाट समपुरक

अनुदान लिन्छु भन्नु भा को छ जब कि समपुरक र विशेष गरेर संघीय सरकारले सातै वटा प्रदेशलाई म २० अरब भन्दा बढ्ता दिन सक्दैन है भनेर यो ०७६।०७७ को बजेटमा राखेको छ त्यसैले गत बर्ष हामीले समपुरकमा डेढ अरब र विशेषमा ५० अरब राखेका थियौ तर आयो कति भनेपछि १ अरब ६० करोड मात्रै आएको त्यसैले आयोजनाको आधारमा सम्भाव्यताको आधारमा संघीय सरकारले समपुरक र विशेष अनुदान प्रदेश सरकारलाई उपलब्ध गराउने भएको नाताले उहाहरुले आफ्नो बजेटमा ६ अरब रुपैया लिन्छु भन्नु भएको छ यो ६ अरब रुपैया उहालाई पाउन सकिने कुरामा यो डिभिटेवल छ म पाउदैन उहाले धेरै गर्नुभो भनेर उहाको आलोचना गर्न खोजेका होईन कि उहाको बजेटको आकार किन बढ्यो भन्ने कुरा मात्र पुस्ट्याई गर्न खोजेको मैले दुईवटा कारणले उहाको आकार बढ्यो एउटा हामी भन्दा राजश्व बढ्ता लिने हामी ८२ करोड उहा ३ अरब ८५ करोड, अर्को कुरा हामीले समपुरक र विशेष गरेर २ अरब लिने भन्या छ उहाले ६ अरब लिने भन्नु भा छ त्यस्तै प्रदेश नं.२ ले उहाले म कुनै पनि अनुदान लिदैन भन्नु भा को छ संघीय सरकारबाट प्रदेश नं.२ ले तर उहाले के भन्नु भा छ भने म १ अरब ३० करोड रुपैया ऋण उठाउछु भन्नु भा छ अब ऋण उठाउने सन्दर्भमा पनि माननीय सभामुख मार्फत म गरिमामय संसदलाई निबेदन गर्न चाहान्छु। अहिले संघीय सरकारले ऋण उठाउदा खेरि १० प्रतिशत व्याजदरमा ऋण उठाउने गरेको छ र संघीय सरकारले जारी गरेको ऋण पत्र र विकास ऋणपत्रहरु पूर्ण रुपमा विक्रि हुने गरेको छैन। हामी प्रदेशहरुले अहिले सम्म ऋण उठाउने विधेयक पनि पारित गरेको छैन १० प्रतिशत ऋणमा लिएर त्यो पैसा कहा लगानी गर्ने त्यसको व्याजको दायित्वको भुक्तानी कसले गर्ने। एकातिर ८२ करोड मात्रै न्यून हाम्रो क्षेत्राधिकार भित्रको राजश्व आउनु अर्कोतिर हामीले ऋण लिएर हामी विकास निर्माण गर्छु भन्नु यो जायज हुन्छ त हामीसँग कानूनी प्रावधान नभएको बेलामा त्यसैले उहाले १ अरब ३० करोडको कल्पना गर्नुभाको छ। त्यस्तै प्रदेश नं.३ ले पनि डेढ डेढ अरब रुपैया हामीले समपुरक र विशेष लिन्छु भन्नु भा को छ र उहाको १६ अरबको आफ्नै राजश्व भएको कारणले गर्दा खेरिमा पनि उहाको बजेटको आकार बढेको हो। त्यस्तै गण्डकी प्रदेशको हकमा उहाहरु हाम्रो भन्दा राम्रो राजश्वको अवस्था र प्लस के भन्नु भा को छ भने म समपुरकमा ७५ करोड, विशेषमा ७५ करोड र २ अरब लगभग २ अरब जति म ऋण उठाउछु भन्नु भा को छ। यसको मतलब साढे तीन अरब त उहाहरुले डेढ अरब संघीय सरकारबाट, दुई अरब ऋण उठाउछु भनेर उहाहरुले राख्नु भा को छ र उहाको राजश्व हाम्रो भन्दा तीन सय गुणा भन्दा बढ्ता छ भने उहाको आकार स्वभाविक हुनु हो त्यस्तै प्रदेश नं.५ मा उहाहरुको राजश्वको आकार पनि बढी छ र उहाहरुले के भन्नु भा को छ भने ८० करोड रुपैया म समपुरक र विशेषको ५० करोड उठाउछु भन्नु भा को छ अरु प्रदेशको हकमा उहाको आकार वाञ्छित छ लगभग लगभग ५ अरब चाहि राजश्व उहाहरुलाई

प्राप्त हुन्छ हामीलाई ८२ करोडको मात्र राजश्व प्राप्त हुन्छ त्यो आधारले पनि बजेटको आकार हामीले नबढाएको हो । अब कर्णाली प्रदेशको कुरा गर्नुहुन्छ भने उहाको राजश्व २५ करोड १० लाख मात्रै छ र त्यो २५ करोड १० लाख मा उहाले के भन्नु भा को छ भने म १ अरब ८१ करोड रुपैया समपुरकमा उठाउछु र ७५ लाख रुपैया म ऋण उठाउछु भन्नु भा को छ त्यसैले र ९ अरब रुपैया उहाले यो आर्थिक बर्ष ०७५।०७६ को म खर्च गर्न सक्दीन है भनेर त्यो पनि आगामी बर्षको बजेटमा स्रोतको रुपमा उहाहरुले राख्नु भा को छ त्यसैले उहाको बजेटको आकार बढेको हो । या साच्चै बजेट जनतालाई पपुलर हुने किसिमले ल्याउने हो त ? के हामीले यथार्थपरक बजेट ल्याउने होइन त ? म यहालाई प्रतिवद्धताका साथ निबेदन गर्न चाहान्छु । आगामी आर्थिक बर्षको बजेट सबै प्रदेश भन्दा अब्बल र सबै प्रदेश भन्दा सत प्रतिशत खर्च हुने यो प्रदेश रहने छ भन्ने कुरामा म विश्वस्त रहेको व्यहोरा म माननीय सभामुख मार्फत यो गरिमामय सभालाई म विश्वस्त तुल्याउन चाहान्छु । त्यसैले बजेटको आकार महत्वकांक्षि छैन बजेटको आकार मुद्रास्फीतिलाई बढाउने छैन बजेटको आकारले मनि सप्लाईलाई बढाउदैन बजेटको आकारले यो अर्थतन्त्रलाई दिगो रुपमा अगाडि बढाउनको लागि हामीले राखेका एजेण्डाहरु, हामीले राखेका कार्यक्रमहरु, हामीले राखेका नीतिगत कुराहरु, हामीले यसमा समावेश गरेका छौ र बजेट एकदमै वानछिस सिमा भित्र छ, बजेट एथार्थपरक छ, बजेटले जनताका सम्भावना, जनताका अपेक्षाहरु र अनुभुतिहरुलाई सम्बोधन गर्छ भन्ने कुरा माननीय सभामुख मार्फत म यस गरिमामय सभामा अनुरोध गर्न चाहान्छु । अब यो विषय मैले बजेटको आकारको रुपमा मैले अनुरोध गरे अब केहि अरु विषयको बारेमा पुस्ट्याई गर्ने म अनुमति चाहान्छु । यो विशेष गरेर हाम्रो बजेटको गन्तव्य कहा हुने त यसपालिको बजेट बनाउदा खेरि विषयगत माननीय मन्त्रीज्यूहरुले आफ्नो एथेष्ट प्रयासद्वारा बजेटलाई अन्तिम रुप दिईएको हो । बजेट विषयगत मन्त्रीले बनाई सके भनेपछि अर्थमन्त्रालयले त्यलाई संयोजन गर्छ र त्यो संयोजन पश्चात क्याविनेटबाट पारित भएर प्रदेश सभामा प्रस्तुतका लागि योग्य हुन्छ । त्यहि विधि र प्रक्रिया अनुरुप हामीले बजेट बनाएका हौ र प्रस्तुत गरेका हौ । हो एकै बर्षको बजेटले सबैका ईच्छा, आकांक्षा पुरा गर्न सक्दैन, एक बर्षको बजेटले समृद्धिको दिगो लक्ष्य हासिल गर्न सक्दैन तर त्यसले चाहि आधारशिला तय गर्छ अहिले हामीले कृषिमा दोब्बर बजेटको सिलिङ बढाएका छौ । तीन बर्षमा हाम्रो प्रदेश कृषिमा आत्मनिर्भर हुन्छ भन्ने कुरा हाम्रो बजेटको सिलिङ र विनियोजनबाटै पुष्ट्याई हुन्छ र यो प्रदेशको विनियोजन कुशलताहरु कति हुन्छ भन्ने कुराहरु तपाई साउन १ गतेको दिनमा हाम्रो सातै प्रदेशलाई आकलन गरेर तपाई जानकारी लिन सक्नुहुन्छ । आजको मितिमा पनि सुदूरपश्चिम प्रदेश सरकारको पूजीगत खर्च ४४ प्रतिशत भन्दा बढ्ता भएको व्यहोरा म माननीय सभामुख मार्फत यस गरिमामय सभामा सहर्ष निबेदन गर्न चाहान्छु र अहिले पनि

हामी ७० प्रतिशतको हाराहारीमा खर्च गर्छु भन्ने हाम्रो मान्यता रहेको छ । भौतिक प्रगति भैसकेको छ र आर्थिक प्रगति बिल नलिएको कारणले मात्रै भएको छैन । बीलको भुक्तानी हुनै साथमा यो मसान्तमा मलाई लाग्छ प्रदेश लेखाले पारदर्शि रुपमा भएको खर्च हामी तपाईहरुको माझमा ल्याउने नै छ । हामीले पकेट क्षेत्र घोषणा गरेका छौ । हामीले वैज्ञानिक कृषिको कुरा गरेका छौ । हामीले निर्वाहमुखि कृषिलाई व्यवसायि मुखि कृषिमा परिणत गर्ने कुरा गरेका छौ, हामीले स्वरोजगार कोषको कुरा गरेर दक्षता र तालिम दिएर उहाहरुलाई वीउ पूजीको रुपमा पनि न्यूनतम व्याजदरमा पैसा उपलब्ध गराउने हामीले उद्देश्य राखेका छौ । त्यो अब साउनको पहिलो हप्ताबाट साउनको महिनाबाट त्यो कार्यक्रम अगाडि बढेर जादै छ । त्यस्तै शिक्षा तथा सामाजिक विकास मन्त्रालयले पनि यसपालि कनिका छर्ने टाईपको बजेट प्रस्तुत गरेको छैन । उहाले पनि शिक्षालाई, स्वास्थ्यलाई र मुलभुत आवश्यकता पर्ने जनताका सरोकारका विषयलाई एथेष्ट रुपमा बजेट विनियोजन गरेको छ र त्यो बजेट मलाई लाग्छ जनताका ईच्छा र आकांक्षालाई परिपूर्ति गर्न यो बर्षको बजेटले एकदमै ठुलो भूमिका निर्वाह गर्ने छ भन्न मैले अपेक्षा गरेको छु । त्यस्तै हाम्रो भौतिक पूर्वाधार मन्त्रालयमा केहि असन्तुष्टिहरु देखिएका छन् । ती असन्तुष्टिहरुलाई सम्बोधन गर्नका लागि प्रदेश सरकार लागि परेको छ र सबैका भावनालाई समेट्दै सिंगो संसद र माननीयज्यूलाई हामीले कुनै मान मर्दन नहुने गरि तपाईको गरिमालाई अझै बढाउने गरि हामी स्पेस भएजति कार्यक्रमहरु समावेश गरि एथेष्ट रुपमा कार्यान्वयनमा लैजाने व्यहोरा म प्रतिवद्धताका साथ अनुरोध गर्न चाहान्छु साथै माननीय मुख्यमन्त्रीज्यूले पनि यस विषयमा भनिसक्नु भा को छ मैले त्यसबारेमा म धेरै बोल्न चाहादैन किन भने माननीय मुख्यमन्त्रीज्यूले भनिसकेपछि प्रदेश सरकार प्रमुखले भनिसकेपछि धेरै त्यहा बोलिरहनु पर्ने आवश्यकता पनि देखिदैन अब यो हाम्रो कतिपयलाई के लाग्ला भने अर्थ विविधमा धेरै पैसा छ भनेर लाग्ला जहिले पनि हिजो यहिलाई डल्लो बजेटको रुपमा प्रस्तुत गरियो अब हामी परिमार्जित भएर यो डल्लो बजेटलाई अर्थविविधमा आएका छौ यो अर्थ विविधको कुरा गर्ने हो भने म अर्थ विविधको बारेमा पनि पुष्ठ्याई गर्न चाहान्छु किन भने मैले उत्तर दिने अन्तिम दिन हुन्छ । धेरै मान्छेले धेरै माननीयज्यूले धेरै कुरा बोली सकेको हुन्छ त्यो बेलामा अर्थ विविधको बारेमा पनि पुष्ठ्याई गर्न चाहान्छु । हामीले स्थानीय तहलाई समपुरक अनुदान १ अरब दिने भनेर यहि अर्थविविधमा राखेका छौ त्यो बजेटको रातो किताबमा पनि छ । स्थानीय तहलाई विशेष अनुदान पचास करोड भनेर राखेका छौ । हामीले संघबाट समपुरक आउने जो अनुदान हुन्छ त्यसका लागि ७९ करोड रुपैया राखेका छौ । त्यस्तै संघबाट आउने विशेष अनुदानका लागि एक अरब रुपैया राखेका छौ । पारिश्रमिक यो बढेको छ १८ प्रशेन्ट यो बढ्यो भने समस्या हुन्छ भनेर १० करोड त्यसमा राखेका छौ । पारिश्रमिक पदाधिकारी हामी तपाईहरुका लागि त्यो बढेको कहि लागु भैहाल्यो भने पनि त

जोहो त गरिराख्नु पर्यो भनेर १ करोड रुपैया त्यहा राखेका चछौ त्यस्तै भैपरि आउने चालुमा हामीले १ अरब ४० करोड रुपैया राखेका छौ र त्यसमा भैपरिआउने पूजीगतमा १ अरब ७ करोड रुपैया राखेका छौ । हामीले जम्मा २ अरब ५९ करोड रुपैया मात्र हामीसँग यो अर्थविविधमा रहेको छ । यो अर्थ विविधमा रहेको पैसा संघीय सरकारको मान्यता अनुरुप र अन्य सरकारको मान्यता अनुरुप के छ भने कुल बजेटको १० प्रतिशतको हाराहारीमा अर्थ विविध रहनुपर्छ है भन्ने मान्यता छ त्यो हो भने १० प्रशेन्टका दरले २८ करोड बजेटको २ अरब ८० करोड रुपैया हुन आउछ हामीले २ अरब ६० करोडको हाराहारीमा मात्रै राखेका छौ त्यसैले हिजोका जस्तो हामीले अलिकता नसुहाउदो अर्थविविधमा नराखेको व्यहोरा माननीय सभामुख मार्फत म माननीय सांसदलाई अनुरोध गर्न चाहान्छु । त्यसैले अब यसै भित्रमा हामी कार्यक्रमहरु समायोजन गर्न सक्ने परिस्थिति छ यसै भित्रमा माननीय सांसदज्यूले उठाएका विषयबस्तुलाई समेट्न यहा हामीले स्पेस राखेका छौ माननीय मुख्यमन्त्रीज्यूले भनिसक्नु भा को छ म यसमा धेरै भन्न चाहादैन प्रतिपक्ष माननीय सांसदज्यूहरु निरन्तर बार्तामा आएर हाम्रो बार्ताको आवह्वानलाई उहाले स्वीकार गरेर बार्तामा भाग लिनु भो निचोडमा आउनु भो र यो प्रदेशको समृद्धिको लागि यो प्रतिपक्ष पनि प्रतिपक्ष होईन खाली सिद्धान्त र राजनैति गर्नका लागि मात्रै प्रतिपक्ष हो समृद्धिका सम्बाहाक हामी सबै हौ यो सिंगो प्रदेश हो र सिंगो प्रदेशका सांसदको गरिमा तल पर्ने गरि हामी कामै गर्दैनौ भनेर प्रदेश सरकारको मुल्य र मान्यता रहेको नाताले हामी आज निचोडमा आएका छौ । हामी यहा भनेर बोलेर एउटा राजनैतिक जेन्टल अन्डरस्ट्यान्डीङ गरेर हामी अरु अन्यथा हुनै दिदैनौ हामी यो सम्वाहकको लागि यो प्रदेशका माननीय सांसद र सम्पूर्ण जनतालाई एक ढिक्का भएर एक्यवद्धता भएर हामी अगाडि बढाउन चाहान्छु र यहा काम गर्दा खेरिमा त्रुटि कमिकमजोरी र त्रुटि हुन सक्छन सुधार गर्दै अगाडि जाने हो किन भने सुधारको प्रक्रिया यो जीवनमा यो शरीरबाट प्राणी निस्कियपछि मात्र अन्त हुन्छ होईन भने सिक्ने प्रक्रियाको अन्त कहिल्यै हुदैन त्यो हामीले बुझेका छौ त्यसैले यस यो गतिरोधलाई अन्त गर्दै संसद सुचारु रुपले संचालन भएको छ म सबै माननीय सांसदज्यूलाई हार्दिक आभार र धन्यवाद व्यक्त गर्न चाहान्छु र विशेष गरेर अब प्रदेश सरकारले आर्थिक बर्ष २०७६।०७७ को लागि पेश गरेको जो बजेट छ त्यो आर्थिक ऐन, विनियोजन विधेयक लगायत तत् सम्बन्धी विषयबस्तुलाई छलफल गरि पारित गरियोस भन्ने म निबेदन अनुरोध गर्न चाहान्छु । धन्यवाद ।

***(प्रस्ताव प्रस्तुत भएपछि)***

**६. माननीय सदस्यहरु,**

अब म आर्थिक मामिला तथा योजना मन्त्री माननीय झपट बहादुर बोहराले प्रस्तुत गरेको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।

**("हुन्छ" भनेपछि)**

प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस ।

**("हुन्न" भनेपछि)**

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ प्रदेश सरकारको आ.व.२०७६।०७७ को बार्षिक राजश्व र व्ययको अनुमान (बजेट) माथि सभामा सामान्य छलफल गरियोस भन्ने प्रस्ताव सर्वसम्मतिले स्विकृत भएको घोषणा गर्दछु ।

***(घोषणा गरिसकेपछि)***

**७. माननीय सदस्यहरु,**

आजको बैठकको कारबाही यँही समाप्त हुन्छ । प्रदेश सरकारको आ.व.२०७६।०७७ को बार्षिक राजश्व र व्ययको अनुमान (बजेट) माथिको सामान्य छलफल मिति २०७६ साल आषाढ २३ गते सोमबार विहान ८:३० बजेबाट हुने भएकोले उक्त समय सम्मका लागि बैठक स्थगित भएको घोषणा गर्दछु ।